पो. व. नं.:- ३९८७
सिंहदरवार, काठमाण्डौं
नेपाल

नेपाल सरकार

# कृषि, वन तथा पर्यावरण मन्त्रालय

योजना, अनुगमन तथा समन्वय महाशाखा
(कार्यक्रम तथा योजना शाखा)

पत्र संख्या:- २०८३/८४
चलानी नं.:- १३

मितिः २०८३/०४/०६
ने.सं. ११४६

श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र,
बबरमहल, काठमाण्डौं ।

*विषयः कार्यक्रम कार्यान्वयन कार्यविधि सम्बन्धमा।*

प्रस्तुत विषयमा तहाँ केन्द्रको च.नं. १७८४, मिति २०८३/०३/२३ मा स्वीकृतिका लागि पेश भएको चालु आर्थिक वर्ष २०८३/८४ को "वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, आ.व. २०८३/८४" सम्बन्धमा, अर्थ मन्त्रालयबाट जारी आर्थिक वर्ष २०८३/८४ को बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा आर्थिक वर्ष २०८३/८४ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन, बजेटको उद्देश्य प्राप्तिका लागि उपलब्ध स्रोत-साधनको अधिकतम उपयोग गर्दै सार्वजनिक खर्चमा मितव्ययिता, दक्षता र प्रभावकारिता कायम गर्ने तथा समग्र वित्तीय अनुशासन सुनिश्चित गर्ने गरी विनियोजन ऐन, २०८३; आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६; आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७; सार्वजनिक खरिद ऐन, २०६३; सार्वजनिक खरिद (चौधौं संशोधन) नियमावली, २०८२; लेखापरिक्षण ऐन, २०७५; भ्रमण खर्च (चौंथो संशोधन) नियमावली, २०७४; एवं सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धमा जारी प्रचलित ऐन, नियम, कार्यविधि तथा मापदण्ड एवं कार्य सञ्चालन निर्देशिका, २०८१ को पूर्ण पालना गर्दै, अनुदानको हकमा पारदर्शिता प्रवर्द्धन गर्दै, प्रभावकारी, सदुपयोग र जिम्मेवार रहि, स्वीकृत वार्षिक कार्यक्रम तथा विनियोजित बजेटको सीमाभित्र रही नेपाल सरकारलाई थप आर्थिक दायित्व नपर्ने गरी कार्यक्रम सञ्चालन गर्ने शर्तमा, यस मन्त्रालयको मिति २०८३/०४/०५ को (श्रीमान सचिवस्तरीय) निर्णयबाट स्वीकृत भएको व्यहोरा जानकारी गराइन्छ।

साथै, आर्थिक वर्ष २०८३/८४ को बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन बमोजिम स्वीकृत कार्यविधि सात दिनभित्र केन्द्रको वेबसाइटमा प्रकाशन गरी सोको जानकारी यस मन्त्रालयमा उपलब्ध गराउनुहुन समेत अनुरोध छ।

रामकृष्ण गौतम
वैज्ञानिक अधिकृत

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
बबरमहल, काठमाडौं

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

## वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र

बबरमहल, काठमाण्डौ

# वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि

आ. व. २०८३/०८४

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
बबरमहल, काठमाडौं

विषयसूची


पृष्ठभूमिः ........ 2

कार्यविधिको प्रारूपः ........ 4

१. कार्यविधि तयारीको उद्देश्यः ........ 5

२. कार्यक्रम कार्यान्वयनका लागि साझा प्रक्रिया तथा मार्गदर्शनः ........ 5

३. जनशक्ति व्यवस्थापन तथा समयसिमा ........ 6

वन अनुसन्धान तथा सर्वेक्षण आयोजना (३१२०९१०१) ........ 8

वन सम्वर्धन शाखा ........ 8

शहरी तथा कृषिवन शाखा ........ 13

वन पैदावार सदुपयोग शाखा ........ 14

बायोमेट्रिक शाखा ........ 18

योजना तथा नीति कार्यक्रम प्रभावकारीता अध्ययन शाखा ........ 20

जैविक विविधता तथा जलाधार अनुसन्धान शाखा ........ 24

दूरसंवेदन तथा नक्साङ्कन शाखा ........ 28

माटो प्रयोगशाला ........ 31

केन्द्रीय वन पुस्तकालय ........ 36

उद्देश्यः ........ 44

कार्यान्वयन प्रक्रियाः ........ 44

अपेक्षित उपलब्धिः ........ 45

अन्य ........ 45

केन्द्रीय वन तालीम तथा प्रसार केन्द्र (३१२११०११) ........ 51

वन प्रशिक्षण शाखा ........ 51




नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

महानिर्देशक

## पृष्ठभूमिः

नेपालमा वन स्रोतको वैज्ञानिक सर्वेक्षण तथा अनुसन्धान गर्ने उद्देश्यले वि.सं. २०१९ सालमा वन विभाग अन्तर्गत **वन स्रोत सर्वेक्षण परियोजना (Forest Resources Survey Project–FRSP)** स्थापना गरिएको हो। प्रशासनिक संरचनामा समय– समयमा भएका परिवर्तनसँगै यस संस्थाले विभिन्न नाम र स्वरूपमा कार्य सञ्चालन गर्दै आएको छ। वि.सं. २०२४ मा **वन सर्वेक्षण तथा अनुसन्धान कार्यालय (Forest Survey and Research Office–FSRO)** को रूपमा स्तरोन्नती गरियो भने, वि.सं. २०५० मा **वन अनुसन्धान तथा सर्वेक्षण केन्द्र (Forest Research and Survey Centre–FORESC)** को रूपमा एक अर्थ-स्वायत निकायको रूपमा स्थापना भएको थियो ।जुन कार्यालयलाई वि.सं. २०५५ साल पौष ६ गते तत्कालीन वन तथा भू– संरक्षण मन्त्रालय अन्तर्गत **वन अनुसन्धान तथा सर्वेक्षण विभाग (Department of Forest Research and Survey)** को रूपमा पुन:संरचना गरिएको थियो। संघीय संरचना कार्यान्वयनसँगै वि.सं. २०७५ सालदेखि वन मन्त्रालय अन्तर्गत रहेको तालिम केन्द्रलाई समेत समावेश गरी हाल **वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र** को रूपमा स्थापना भई कृषि, वन तथा पर्यावरण मन्त्रालय अन्तर्गत वन, वन्यजन्तु र वातावरणका क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने विभागीय हैसियतका रूपमा यस केन्द्रको स्थापना भएको हो ।

यस केन्द्रले स्थापनाकालमा नेपालको तराई तथा पहाडी क्षेत्रका केही भागहरूको हवाई चित्र (Aerial Photograph) को प्रयोगमार्फत वन स्रोत सर्वेक्षण कार्यको थालनी गरेको थियो। त्यसपछि देशका विभिन्न भागहरूको हवाई चित्रको अध्ययन तथा विश्लेषणका आधारमा राष्ट्रिय स्तरको वन स्रोत सर्वेक्षण गर्दै वन क्षेत्रसम्बन्धी तथ्याङ्क उत्पादन तथा प्रकाशन गर्दै आएको छ। पछिल्ला वर्षहरूमा **Remote Sensing Imagery** को प्रयोग गरी नेपालको **Land Cover** लाई ११ वर्गमा वर्गीकरण गर्दै **National Land Cover Monitoring System (NLCMS)** को स्थापना तथा सञ्चालन गरी प्रत्येक वर्ष वन क्षेत्रको परिवर्तनको अध्ययन तथा अनुगमन गरिँदै आएको छ। साथै, वन अनुसन्धानमा **Terrestrial LiDAR Scanner, Tomograph** लगायतका आधुनिक प्रविधिको प्रयोग गरी वन स्रोत, वन संरचना तथा जैविक विविधतासम्बन्धी विभिन्न अध्ययन– अनुसन्धानहरू सञ्चालन गरिँदै आएका छन्। यसका साथै य स केन्द्रले Remote sensing map र फिल्ड तथ्याङ्कका आधारमा नेपालका ७५३ वटा स्थानीय तहको वनको प्रकारको नक्साङ्कन गरी सन् २०२५ मा प्रकाशन समेत गरेको छ ।



महानिर्देशक

विगतमा वन अनुसन्धानसम्बन्धी कार्यक्रमहरू **राष्ट्रिय वन योजना, २०३३** तथा **वन क्षेत्रको गुरुयोजना, २०४५** अन्तर्गतका वन अनुसन्धान तथा प्रसार कार्यक्रमद्वारा निर्देशित थिए। वर्तमान समयमा वन व्यवस्थापनका विविध आयाममा आएको परिवर्तन, प्रविधिको तीव्र विकास, वन तथा वातावरण क्षेत्रमा देखा परेका नयाँ चुनौतीहरू तथा वन व्यवस्थापक एवं उपभोक्ताहरूको बढ्दो आवश्यकता र अपेक्षालाई सम्बोधन गर्न विद्यमान नीति, योजना तथा कार्यक्रमहरूलाई थप सुदृढ बनाउने आवश्यकता महसुस गरिएको छ। यही उद्देश्यअनुरूप यस केन्द्रले वन क्षेत्रका समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान सञ्चालन गरी नीतिगत निर्णयका लागि आवश्यक वैज्ञानिक आधार उपलब्ध गराउँदै आएको छ।

हाल यस केन्द्रअन्तर्गत **वन सम्वर्द्धन शाखा, शहरी तथा कृषि वन शाखा, वन पैदावार सदुपयोग शाखा, बायोमेट्री शाखा तथा जैविक विविधता एवं जलाधार अध्ययन शाखा** मार्फत विभिन्न विषयमा अध्ययन तथा अनुसन्धान सञ्चालन गरिन्छ। यस्ता अनुसन्धानबाट प्राप्त नतिजाहरू वन क्षेत्रसम्बन्धी ऐन, नियम, नीति तथा व्यवस्थापन योजनाको तर्जुमा र परिमार्जनमा उपयोग हुँदै आएका छन्। साथै, केन्द्रको **वन प्रशिक्षण महाशाखा** ले तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रममार्फत वन क्षेत्रमा विकसित नयाँ प्रविधि, ज्ञान र सीपहरू वन सेवामा कार्यरत संघ, प्रदेश तथा स्थानीय तहका कर्मचारीहरूलाई हस्तान्तरण गरी दक्ष, सक्षम र अद्यावधिक जनशक्ति विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ।

यस केन्द्र अन्तर्गत फिल्डस्तरीय कार्यालयहरू नहुँदा देशव्यापी रूपमा सञ्चालन गरिने वन अनुसन्धान तथा सर्वेक्षणसम्बन्धी कार्यहरू काठमाडौंस्थित केन्द्रबाटै सञ्चालन गर्नुपर्ने अवस्था रहेको छ। भौगोलिक विविधता, दुर्गम भू-भाग, यातायात तथा सञ्चारको सीमित पहुँच, अनुसन्धानका लागि आवश्यक जनशक्ति तथा स्रोत-साधनको व्यवस्थापन, साथै अध्ययन प्लटहरूको नियमित अनुगमन तथा समयमै तथ्याङ्क संकलन गर्नुपर्ने आवश्यकताका कारण नेपालमा वन अनुसन्धान तथा सर्वेक्षण कार्य चुनौतीपूर्ण, समयसापेक्ष र खर्चिलो बन्दै गएको छ।

यस चुनौतीपूर्ण परिस्थितिका बाबजुद पनि केन्द्रले वन अनुसन्धान, वन स्रोत सर्वेक्षण तथा वन प्रशिक्षणसम्बन्धी कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्दै आएको छ। हाल नेपाल सरकार, कृषि, वन तथा पर्यावरण मन्त्रालय



महानिर्देशक

अन्तर्गत यस केन्द्रमा तीनवटा बजेट उपशीर्षकमार्फत कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। तीमध्ये तीनवटै कार्यक्रम प्रमुख आयोजनाका रूपमा कार्यान्वयन भइरहेका छन्।

१. **वन अनुसन्धान तथा सर्वेक्षण आयोजना** (बजेट उपशीर्षक नं. ३१२०९१०१)

२. **केन्द्रीय वन प्रशिक्षण तथा प्रसार केन्द्र** (बजेट उपशीर्षक नं. ३१२११०११)

३. **वन अनुसन्धान तथा सर्वेक्षण विभाग** (बजेट उपशीर्षक नं. ३१२०९०११)

उल्लेखित कार्यक्रमहरूको प्रभावकारी, पारदर्शी तथा नतिजामुखी कार्यान्वयन सुनिश्चित गर्न यो **कार्यक्रम कार्यान्वयन कार्यविधि** तयार गरिएको हो। यस कार्यविधिमा स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सञ्चालन हुने कार्यक्रम तथा क्रियाकलापहरूको उद्देश्य, कार्यान्वयन प्रक्रिया, जिम्मेवारी, आवश्यक जनशक्ति, वित्तीय व्यवस्थापन तथा अपेक्षित उपलब्धिहरू स्पष्ट रूपमा समावेश, गरिएका छन्। यसले कार्यक्रम कार्यान्वयनमा एकरूपता कायम गर्नुका साथै प्रभावकारी अनुगमन, मूल्याङ्कन तथा जवाफदेहिता अभिवृद्धि गर्न समेत सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

यसै सन्दर्भमा यस यस केन्द्रबाट सञ्चालन हुने विभिन्न अध्ययन अनुसन्धान, वन सर्वेक्षण र तालिम लगायतका कार्यहरू सञ्चालन गर्नका लागि नेपाल सरकारद्धारा स्वीकृत यस आ.व.मा तीन वटा कार्यक्रमहरू रहेका छन् । सो कार्यक्रमहरू मध्ये दुई वटा (वन अनुसन्धान तथा सर्वेक्षण आयोजना-बजेट उपशीर्षक नं. ३१२०९१०१, र केन्द्रीय वन तालिम तथा प्रसार केन्द्र-बजेट उपशीर्षक नं. ३१२११०११) कार्यक्रमहरु सञ्चालनका लागि यो कार्यविधि तयार गरिएको छ ।साथै स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सञ्चालन हुने कार्यक्रम/क्रियाकलाप, कार्यक्रम/क्रियाकलापको उद्देश्य, कार्यक्रम/क्रियाकलाप सञ्चालन प्रक्रिया, आवश्यक जनशक्ति र अपेक्षित उपलब्धीहरू यस कार्यविधिले समेटिएका छन् ।

**कार्यविधिको प्रारूपः**

यस कार्यविधिमा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र अन्तर्गतको चालु आ.व. २०८३/०८४ मा स्वीकृत भएका वार्षिक कार्यक्रमहरू सञ्चालनका लागि विनियोजित बजेटको आधारमा वन अनुसन्धान तथा सर्वेक्षण आयोजना (३१२०९१०१), र केन्द्रीय वन तालिम तथा प्रसार आयोजना (३१२११०११) कार्यक्रमका स्वीकृत वार्षिक कार्यक्रम अनुसारका कार्यक्रम/क्रियाकलापहरू यस कार्यविधिमा समेटिएका छन् ।

महानिर्देशक

१. **कार्यविधि तयारीको उद्देश्यः**

- विभिन्न महाशाखा र शाखाहरूबाट सञ्चालन गरिने कार्यक्रमहरूको बारेमा थप स्पष्टता प्रदान गर्ने,
- कार्यक्रम सञ्चालनमा कार्यान्वयनगत एकरूपता तथा समान बुझाई ल्याउने,
- सम्पादित कार्यको प्रभावकारिता, परिमाणात्मक र गुणात्मक पक्षको सुनिश्चितता प्रदान गर्नुका साथै सञ्चालित क्रियाकलापहरूको दिगो उपभोग गर्न सहयोग पुर्याउने,
- सरल तथा सहज तरिकाबाट सेवा प्रवाह गर्ने ।

२. **कार्यक्रम कार्यान्वयनका लागि साझा प्रक्रिया तथा मार्गदर्शनः**

- स्वीकृत वार्षिक कार्यक्रममा तोकिएको र विनियोजित बजेटको परिधि भित्र रही कार्यक्रम कार्यान्वयन गर्नु पर्ने ।
- कार्यक्रम सञ्चालन गर्नुभन्दा पहिले वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले स्वीकृत गरेको Research Protocol बमोजिम Protocol र प्रस्ताव तयार गरी वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा प्रस्तुतिकरण गरी अन्य विज्ञहरूको सुझाब बमोजिम Research Protocol र प्रस्ताव तयार गरी केन्द्रबाट स्वीकृत गराएर गर्नु पर्नेछ र उक्त स्वीकृत Research Protocol र प्रस्ताव अनिवार्य रूपमा योजना तथा नीति कार्यक्रम प्रभावकारिता अध्ययन शाखामा समेत पेश गर्नु पर्नेछ ।
- कामको प्रकृति र स्वीकृत बजेटको परिमाण एवम् आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गर्दा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन सहित), बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन, सार्वजनिक खर्चको मापदण्ड र वन तथा वातावरण सम्बन्धी कानूनका साथै अन्य प्रचलित कानून बमोजिम आपूर्तिकर्ता, परामर्शदाता सेवाप्रदायक, निर्माण व्यवसायी, विषय विशेषज्ञहरूको सेवा खरिद गरी वा अमानतबाट कार्य सञ्चालन गर्न गराउन सकिनेछ ।
- कार्यक्रमहरूको स्वीकृत बजेट खर्च गर्दा नेपाल सरकारले स्वीकृत गरेको नर्मश्, कार्यक्रम सञ्चालन निर्देशिका, मार्गदर्शन, जिल्ला दररेट र कार्यविधि अनुरूप लागत अनुमान तयार गर्नुपर्नेछ ।

- यस कार्यविधिमा उल्लेख नभएका तर स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सम्पादन गर्न आवश्यक भएका कार्यक्रमहरू समेत प्रचलित ऐन नियम निर्देश, निर्देशिका तथा कार्यविधिको परिधि भित्र रही कार्यान्वयन गर्नुपर्नेछ।
- कार्यक्रम सञ्चालन गर्दा भए गरेको प्रत्येक महिनाको प्रगति विवरण, उक्त कार्यक्रमले सृजना गरेको रोजगारीको विवरणहरू अनिवार्यरूपमा योजना तथा नीति कार्यक्रम प्रभावकारिता अध्ययन शाखामा पेश गर्नु पर्नेछ ।

## ३. जनशक्ति व्यवस्थापन तथा समयसिमा

- वन अनुसन्धान तथा सर्वेक्षणका कार्यक्रमहरू सञ्चालन गर्न विशिष्टीकृत क्षमता, दक्षता तथा अनुभवयुक्त जनशक्तिको आवश्यकता पर्ने भएकाले कार्यक्रम कार्यान्वयनका क्रममा आवश्यक प्राविधिक तथा प्रशासनिक जनशक्तिको प्रभावकारी परिचालन गरिनेछ। कार्यक्रम सञ्चालन गर्दा प्रचलित ऐन, नियम तथा स्वीकृत मापदण्डको परिधिभित्र रही उपलब्ध जनशक्तिको अधिकतम उपयोग गरिने व्यवस्था गरिनेछ।
- केन्द्रमा कार्यरत मौजुदा कर्मचारीहरूको क्षमता, अनुभव र कार्यक्षेत्रका आधारमा जिम्मेवारी निर्धारण गरी कार्यक्रम सञ्चालन गरिनेछ। आवश्यकताअनुसार विभिन्न शाखा तथा महाशाखाबीच समन्वय र सहकार्य गरी कार्यसम्पादनलाई प्रभावकारी बनाइनेछ।
- केन्द्रमा उपलब्ध जनशक्तिबाट सम्पादन गर्न नसकिने वा विशेष प्राविधिक ज्ञान, सीप तथा दक्षता आवश्यक पर्ने अध्ययन, अनुसन्धान तथा अन्य प्राविधिक कार्यहरू प्रचलित कानुनबमोजिम परामर्श सेवा खरिद गरी सम्पन्न गरिनेछ। त्यसैगरी, आवश्यकता अनुसार विभिन्न विषयगत विज्ञहरूको सेवा समेत प्राप्त गरी कार्यक्रम कार्यान्वयन गरिनेछ।
- वन अनुसन्धान तथा सर्वेक्षणका अध्ययन– अनुसन्धान कार्यलाई थप गुणस्तरीय, विश्वसनीय तथा नतिजामूलक बनाउन आवश्यकताअनुसार वन तथा वातावरणसम्बन्धी विश्वविद्यालय, शैक्षिक संस्था, अनुसन्धान निकाय तथा अन्य सम्बन्धित संस्थाहरूसँग सहकार्य र समन्वय गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ। साथै अध्ययन अनुसन्धान,सर्वेक्षण र प्रशिक्षणका कार्यहरूमा आवश्यता अनुसार विषय विशेषज्ञहरूको समेत सेवा खरिद गरी कार्यक्रम कार्यान्वयन गरिने छ ।

महानिर्देशक

स्वीकृत बजेटको परिधिभित्र रही तथा आवश्यकताअनुसार विभिन्न सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गरिनेछ। कार्यक्रम कार्यान्वयनका क्रममा सम्बन्धित सरकारी, गैरसरकारी तथा विकास साझेदार संस्थाहरूबाट आवश्यक प्राविधिक, आर्थिक तथा संस्थागत सहयोग पारदर्शी र उत्तरदायी ढङ्गले परिचालन गरिनेछ।

कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न वार्षिक कार्यतालिकाअनुसार आवश्यक तयारी समयमै सम्पन्न गरिनेछ। सामान्यतया पहिलो त्रैमासिक अवधिमा **Research/Survey Protocol** तयार गर्ने, लागत अनुमान तथा प्राविधिक विशिष्टता (Technical Specification) तयार गर्ने, सरोकारवाला निकायहरूसँग आवश्यक छलफल तथा समन्वय गर्ने, सेवा प्रदायक संस्था तथा विषय विशेषज्ञ छनोट गर्ने लगायतका पूर्वतयारीका कार्यहरू सम्पन्न गरिनेछन्। दोस्रो र तेस्रो त्रैमासिक अवधिमा स्वीकृत कार्यक्रम तथा क्रियाकलापहरूको मुख्य कार्यान्वयन गरिनेछ भने चौथो त्रैमासिकमा कार्य सम्पन्न गरी प्रतिवेदन तयारी, नतिजा प्रमाणीकरण तथा कार्यक्रम मूल्याङ्कनका कार्यहरू सम्पन्न गरिनेछन्। तथापि, उच्च हिमाली तथा दुर्गम क्षेत्रमा सञ्चालन हुने कार्यक्रमहरूको प्रकृतिअनुसार आवश्यकता भएमा चौथो त्रैमासिक अवधिमा समेत फिल्ड कार्य सञ्चालन गर्न सकिनेछ।

महानिर्देशक

## वन अनुसन्धान तथा सर्वेक्षण आयोजना (३१२०१९१०१)

### वन सम्वर्धन शाखा

| | |
|---|---|
| कार्यक्रम नं. | : १ |
| क.स.नं. | : २.७.७.११३९ |
| कार्यक्रमको नाम | : नर्सरी संरक्षण र व्यवस्थापन |
| बार्षिक बजेट रू | : ५६०,०००। |

### पृष्ठभूमि

वन पुनःस्थापना, वृक्षारोपण, जैविक विविधता संरक्षण तथा जलवायु परिवर्तन अनुकूलनका लागि गुणस्तरीय बिरुवा उत्पादन अपरिहार्य छ। गुणस्तरीय बिरुवा उत्पादनका लागि नर्सरी अनुसन्धान अत्यन्त महत्त्वपूर्ण मानिन्छ, किनकि यसबाट विभिन्न प्रजातिको अंकुरण क्षमता, वृद्धि दर, जीवित रहने क्षमता, बीउ उपचार प्रविधि, माटो तथा मल व्यवस्थापन, सिँचाइ प्रविधि, रोग तथा कीरा नियन्त्रण तथा जलवायु अनुकूल प्रजातिको छनोटसम्बन्धी वैज्ञानिक जानकारी प्राप्त हुन्छ। यस्ता अनुसन्धानबाट प्राप्त नतिजाले वन पुनःस्थापना तथा वृक्षारोपण कार्यक्रमलाई बढी प्रभावकारी, दिगो तथा स्थानअनुकूल बनाउन सहयोग पुर्‍याउँछ। यसै सन्दर्भमा अनुसन्धानमुखी वन नर्सरी स्थापना गरी नयाँ प्रजाति, उत्पत्ति (provenance), नर्सरी व्यवस्थापन प्रविधि तथा जलवायु अनुकूल बिरुवा उत्पादनसम्बन्धी अनुसन्धान सञ्चालन गर्ने योजना रहेको छ। नर्सरीको नियमित संरक्षण, सिँचाइ, गोडमेल, मल व्यवस्थापन, संरचना मर्मत तथा वैज्ञानिक अभिलेखीकरण मार्फत स्वस्थ, गुणस्तरीय तथा अनुसन्धान प्रयोजनका लागि उपयुक्त बिरुवा उत्पादन गरी वन क्षेत्र विस्तार, जैविक विविधता संरक्षण तथा दीगो वन व्यवस्थापनमा योगदान पुर्‍याउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

### कार्यान्वयन प्रक्रिया

अध्ययन सञ्चालन गर्न सर्वप्रथम अनुसन्धान प्रोटोकल (Research Protocol) तथा लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ। अनुसन्धानमा समावेश गरिने वनस्पति प्रजातिहरूको छनोट आवश्यकता तथा छलफलको आधारमा गरिनेछ। स्वीकृत प्रोटोकल, कार्ययोजना तथा बजेटको अधीनमा रही अनुसन्धान नर्सरी स्थापना तथा व्यवस्थापन गरिनेछ। अनुसन्धानका लागि आवश्यक पूर्वाधार, बीउ, बिरुवा, नर्सरी सामग्री तथा उपकरणको

व्यवस्था गरी स्वीकृत अनुसन्धान प्रोटोकलअनुसार बीउ अंकुरण, बिरुवा उत्पादन, वृद्धि, नर्सरी व्यवस्थापन तथा अन्य आवश्यक अनुसन्धान गतिविधिहरू सञ्चालन गरिनेछ। अनुसन्धानका क्रममा आवश्यक तथ्याङ्कको नियमित संकलन, अभिलेखीकरण, विश्लेषण तथा अनुगमन गरिनेछ। कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदन तयार गरी पेश गरिनेछ।

**अपेक्षित उपलब्धि**

वन अनुसन्धानका लागि आवश्यक पूर्वाधारसहितको अनुसन्धानमुखी नर्सरी स्थापना तथा सञ्चालन भएको हुनेछ। अनुसन्धान प्रयोजनका लागि गुणस्तरीय, स्वस्थ बिरुवा उत्पादन भई विभिन्न प्रजाति, उत्पत्ति तथा नर्सरी प्रविधिहरूको परीक्षण सञ्चालनमार्फत वैज्ञानिक तथ्याङ्क संकलन हुनेछ। अनुसन्धान नर्सरीमा विभिन्न वनस्पति प्रजातिहरूमा अध्ययन तथा अनुसन्धान सञ्चालन गरिनेछ, जसले नीति निर्माण प्रक्रियालाई वैज्ञानिक आधार प्रदान गर्नेछ। साथै, यी अनुसन्धानबाट प्राप्त नतिजाले पुनःवनस्थापना (reforestation) कार्यक्रमलाई प्रभावकारी बनाउन योगदान पुऱ्याउनेछ। विभिन्न प्रजातिहरूका लागि उपयुक्त नर्सरी प्रविधिहरू विकास तथा सुधार भई गुणस्तरीय बिरुवा उत्पादन प्रणाली थप सुदृढ हुने अपेक्षा गरिएको छ।साथै अनुसन्धान संस्था, विश्वविद्यालय तथा सम्बन्धित निकायसँग सहकार्य विस्तार भई वन अनुसन्धान तथा प्रविधि विकासका लागि दीगो अनुसन्धान प्लेटफर्मको विकास हुनेछ।

**कार्यक्रम नं.** : २

**क.स.नं.** : २.७.७.९२०

**कार्यक्रमको नाम** : तराईमा रहेको साल प्रजातिको धोदको अध्ययन गर्ने

**बार्षिक बजेट रू** : ७,००,०००।-

**पृष्ठभूमि**

वन श्रोतको दिगो व्यवस्थापन मार्फत रोजगारी सिर्जना, पर्यापर्यटन, कार्बन संचिति, पारिस्थिकीय सेवा गरी राष्ट्रको सम्वृद्धि तर्फमा वनक्षेत्रले योगदान पुर्याउनु पर्ने आवश्यकता रहेको छ । वनमा रहेका रुखहरु विभिन्न कारक तत्वले गर्दा सड्ने, सुक्ने र मर्ने गर्दछन् । परिपक्व रूखहरूको मृत्युको प्रमुख कारक आन्तरिक रुपमा हुने क्षय (सड्ने गल्ने) हो | रूखहरू संरचनात्मक रूपमा heart rot र butt rot ले कमजोर हुन्छन् जसले गर्दा हावा हुरी र पानी पर्दा अकस्मात भाचिने र लड्ने जोखिम बढ्न जान्छ । साथै रुखको भित्री भागमा धोद भएमा

गुणस्तरीय काठ उत्पादनको मात्रामा कमी हुन जाने हुन्छ । यस्तो धोद क्रमशः बढ्दै गई पुरै रुख काठको रुपमा काम नलाग्ने भई ठूलो आर्थिक क्षति हुने गर्दछ ।

साल तराईक्षेत्रमा पाइने विभिन्न प्रजातिहरु मध्ये एक प्रमुख रुख प्रजाति हो । यस प्रजाति आर्थिक र व्यवसायिक दृष्टिकोणले अत्यन्त महत्वपूर्ण प्रजाति हो जसको समुचित उपयोग गर्न सके राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुर्याउनेछ। टोमोग्राफ (Tomograph) ले ध्वनिको माध्यमबाट खडा रुख भित्र रहेको धोदको अवस्था पत्ता लगाउछ। यो एकप्रकारको रुखको एक्सरे गर्ने विधि हो । यो non-invasive विधि हो जसको प्रयोग गरी जीवित रुखहरुको धोदको मात्रा पत्ता लगाइनेछ। यसै सम्बन्धमा यो साल प्रजातिमा टोमोग्राफ (Tomograph) प्रयोग गरी यसमा भएका धोदको अध्ययन गर्न लागिएको हो ।

यस अध्ययनमा तराइका केहि जिल्लाहरुको साल प्रजातिका रुखहरुमा टोमोग्राफ (Tomograph) को प्रयोग गरि खडा रुखको भित्र रहेको धोदको अवस्था पत्ता लगाइने छ र यस अध्ययन सम्पन्न गर्न प्रोटोकल, कार्य विवरण, लागत अनुमान तयार गरी वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट स्वीकृत गराई कार्यन्वयन गरिनेछ । यस अध्ययन आर्थिक वर्ष २०८०/८१ देखि सुरु गरिएकोमा हाल सम्म पश्चिम तराई क्षेत्रको तथ्यांक संकलन कार्य सम्पन्न भैसकेको छ भने यस आ.व. मा पूर्वी क्षेत्रमा निरन्तरता दिई आगामी वर्षमा सम्पन्न गरी प्रतिवेदन समेत प्रकाशन गर्ने लक्ष्य राखिएको छ । यस कार्यको लागि विनियोजित बजेट दैनिक तथा भ्रमण भत्ता, सवारी साधन भाडा, इन्धन, लक्षित समूह छलफल खाजा खर्च, फिल्ड गियर खर्च, अनुसन्धान सहायक पारिश्रमिक, स्थानीय श्रोत व्यक्ति, भरिया, प्रतिवेदन तयारी, फिल्ड सामग्री/औजार खरिद आदिमा आवश्यकता अनुसार खर्च गर्न सकिनेछ।

**कार्यान्वयन प्रक्रिया**

यो अध्ययन यस आ.व. मा नेपालको पूर्वी तराई (चितवन पुर्व) क्षेत्रको साल प्रजातिमा गरिनेछ । अध्ययनको स्थलगत छनौट वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा छलफल एंव स्थलगत अध्ययन गरी सम्बन्धित डिभिजन वन कार्यालयसंगको समन्वयमा तय गरिनेछ। टोमोग्राफको प्रयोग गरी धोदको अध्ययन गर्दा निम्न बुँदागत रुपमा गरिनेछ।

१. डिभिजन/सब-डिभिजन वन कार्यालयसँगको समन्वयमा अध्ययन क्षेत्र (वन) छनौट
२. छनौट गरिएको वन क्षेत्रमा स्वीकृत प्रोटोकल बमोजिम रुखहरु छनौट

३. रुखको अवस्था रेखदेख, फोटोग्राफी तथा टोमोग्राफ प्रयोग गरि तथ्याङ्क संकलन

टोमोग्राफ प्रयोग गरी धोदको अध्ययन गर्दा एकजना अनुसन्धान सहायक आवश्यक पर्छ । यसका साथै एकजना औजार बोक्ने भरिया र सम्बन्धित स्थानको स्थानीय श्रोत व्यक्तिको आवश्यकता पर्नेछ । समग्रमा यस वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका कर्मचारी सहित अनुसन्धान सहायक, भरिया र स्थानीय श्रोत व्यक्ति यस कामको लागि आवश्यक पर्ने देखिन्छ। आवश्यक जनशक्तिको बिवरण तथा योग्यता निम्न बमोजिम हुनेपर्ने आवश्यक देखिन्छ |

- वरिष्ठ अनुसन्धान अधिकृत/अनुसन्धान अधिकृत – २ जना
- अनुसन्धान सहायक – १ जना (आवश्यकता अनुसार)
    - शैक्षिक योग्यता (अनुसन्धान सहायक)– न्यूनतम प्रविणता प्रमाणपत्र तह (वन) वा सो सरह | आवश्यकता अनुसार इन्टर्नहरु समेत प्रयोग गरिनेछ ।
- स्थानीय श्रोत व्यक्ति– १ जना स्थानीय क्षेत्र (वन) संग ज्ञान भएको (आवश्यकता बमोजिम काममा लिने)
- भरिया/ज्यामी – टोमोग्राफ बोक्ने कामको लागि र नापजांच कार्यमा सहयोगको लागि प्रति दिन २ जना

यसरी उल्लेखित जनशक्तिले एकदिनमा एउटा रुखको दुई ठाउँमा टोमोग्राफ प्रयोग गरी धोदको अध्ययन गर्दा अवस्था अनुसार जम्मा ६(छ) देखि ८ (आठ) वटा रुखको नाप लिइने छ ।

वनमा गरिने काम जोखिमयुक्त हुने र काम गर्ने जनशक्ति सकुशल रही काम गर्नु अपरिहार्य हुने हुँदा फिल्डमा खटिने सम्पूर्ण जनशक्तिको लागि कामको प्रकृती अनुरुप फिल्ड गियर्सको व्यवस्था गरिनेछ।

**अपेक्षित उपलब्धि**

टोमोग्राफको प्रयोगबाट बैज्ञानिक तवरले तराई र भित्रि मदेशमा रहेका साल प्रजातिको धोदको अवस्था पत्ता लाग्नेछ। साल प्रजातिमा लाग्ने रोग, धोद तथा अन्य क्षय सम्बन्धि दस्ताबेज तयार हुनेछ र यस अध्यनको नतिजाले साल वनको दिगो व्यवस्थापनको लागि मार्गदर्शन गर्नेछ।



महानिर्देशक

कार्यक्रम नं. :३

क्र.स.नं. : २.७.७.११३३

कार्यक्रमको नाम : वाह्य मिचाहा प्रजाति, वन डढेलो र कार्बन उत्सर्जन बीचको सम्बन्ध अध्ययन।

बार्षिक बजेट रू :११,२०,०००।-

## पृष्ठभूमि

नेपालका वन क्षेत्रमा बाह्य मिचाहा वनस्पति प्रजातिहरूको तीव्र विस्तारले वन पारिस्थितिक प्रणाली, जैविक विविधता तथा वन व्यवस्थापनमा चुनौती सिर्जना गरेको छ। यस्ता वनस्पतिहरूले वनको तल्लो तहमा ठूलो मात्रामा जैविक पदार्थ (biomass) संचित गरी सतही इन्धन (surface fuel load) को मात्रा वृद्धि गर्दछ। सुख्खा मौसममा यी वनस्पतिहरू छिट्टै सुक्ने र अत्यधिक ज्वलनशील हुने भएकाले वन डढेलोको जोखिम तथा तीव्रता बढ्न सक्ने सम्भावना रहन्छ। वन डढेलोका कारण वन सम्पदाको क्षति हुनुका साथै ठूलो मात्रामा कार्बन तथा अन्य हरितगृह ग्यास वायुमण्डलमा उत्सर्जन भई जलवायु परिवर्तनमा समेत योगदान पुग्दछ। तर नेपालमा बाह्य मिचाहा वनस्पतिहरूले सतही इन्धनको मात्रा वृद्धि गरी वन डढेलो तथा सम्भावित कार्बन उत्सर्जनमा पुऱ्याउने योगदानसम्बन्धी वैज्ञानिक अध्ययन सीमित छन्।

यस अध्ययनले बाह्य मिचाहा वनस्पतिहरूको सतही इन्धन भार (surface fuel load) तथा सम्भावित कार्बन उत्सर्जनको मूल्याङ्कन गरी वन डढेलो जोखिममा तिनको योगदानको वैज्ञानिक विश्लेषण गर्नेछ। अध्ययनबाट प्राप्त नतिजाले वन डढेलो व्यवस्थापन, बाह्य मिचाहा वनस्पति नियन्त्रण, कार्बन व्यवस्थापन तथा दिगो वन व्यवस्थापनसम्बन्धी नीति तथा व्यवस्थापन योजनाहरू तर्जुमा गर्न वैज्ञानिक आधार प्रदान गर्ने अपेक्षा गरिएको छ।

## कार्यान्वयन प्रक्रिया

अध्ययन सञ्चालनका लागि सर्वप्रथम अनुसन्धान प्रोटोकल तथा लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ। स्वीकृत प्रोटोकल अनुसार अध्ययन क्षेत्र तथा नमुना प्लटहरूको छनोट गरी स्थलगत तथ्याङ्क संकलन गरिनेछ। अध्ययनका क्रममा प्लट स्थापना, बाह्य मिचाहा तथा स्थानीय वनस्पतिको संकलन, तौल तथा आवश्यक मापन कार्यका लागि प्रतिदिन ३ जना ज्यामी तथा स्थानीय समन्वय र मार्गदर्शनका लागि १ जना स्थानीय श्रोत व्यक्ति

परिचालन गरिनेछ। संकलित नमूनाहरूको प्रयोगशालामा आवश्यक विश्लेषण गरिनेछ। प्राप्त तथ्याङ्कको विश्लेषण गरी प्रतिवेदन तयार गरिनेछ।

**अपेक्षित उपलब्धि**

अध्ययनबाट बाह्य मिचाहा वनस्पति प्रजातिहरूले वनमा थप्ने सतही इन्धन भारको परिमाण तथा वन डढेलोको जोखिममा तिनको योगदानसम्बन्धी वैज्ञानिक जानकारी प्राप्त हुनेछ। बाह्य मिचाहा वनस्पतिबाट हुन सक्ने सम्भावित कार्बन उत्सर्जन को आकलन हुनेछ। अध्ययनबाट प्राप्त नतिजाले बाह्य मिचाहा वनस्पति व्यवस्थापन, वन डढेलो न्यूनीकरण, कार्बन व्यवस्थापन तथा दिगो वन व्यवस्थापनसम्बन्धी नीति, योजना र व्यवस्थापन अभ्यास तर्जुमा गर्न वैज्ञानिक आधार प्रदान गर्नेछ।

## शहरी तथा कृषिवन शाखा

**कार्यक्रम नं.** :१

**क्र.स.नं.** : २.७.७.११२८

**कार्यक्रमको नाम** : Municipal Urban Forestry Standards, Species Guidelines and Management Framework तयार गर्ने

**बार्षिक बजेट रू** : ५६०,०००।

**पृष्ठभूमि**

नेपालमा हाल ७५३ वटा स्थानीय तह रहेका छन् जसमध्ये धेरैजसो नगरपालिका तथा महानगरपालिकाहरू तीव्र सहरीकरणको प्रक्रियामा रहेका छन्। सहरीकरणसँगै हरित क्षेत्र (Green Space) ह्रास हुँदै गएको, वातावरणीय प्रदूषण बढ्दै गएको तथा Urban Heat Island जस्ता समस्याहरू देखा परिरहेका छन्। नेपालका स्थानीय तहहरूले हाल सहरी वन व्यवस्थापनसम्बन्धी कुनै एकीकृत वैज्ञानिक मापदण्ड, उपयुक्त प्रजाति छनोट निर्देशिका वा व्यवस्थापन खाका प्रयोगमा ल्याएको पाईँदैन, फलस्वरूप वृक्षरोपण गर्दा स्थानीय पर्यावरण, माटो, पूर्वाधार (बिजुली तार, सडक, ढल) सँग नमिल्ने प्रजातिहरू रोपिने गरेको पाइन्छ। यसै सन्दर्भमा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले देशभरका स्थानीय तहहरूका लागि उपयोग गर्न सकिने Municipal Urban Forestry



महानिर्देशक

Standards, उपयुक्त प्रजाति निर्देशिका (Species Guidelines) तथा व्यवस्थापन खाका (Management Framework) तयार गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो।

**कार्यान्वयन प्रक्रिया**

यस कार्यक्रम अन्तर्गत सर्वप्रथम अन्तर्राष्ट्रिय तथा नेपालमा हालसम्म प्रयोगमा रहेका सहरी वन व्यवस्थापन अभ्यास तथा मापदण्डहरूको Literature Review गरिनेछ। तत् पश्चात विभिन्न भौगोलिक क्षेत्रबाट प्रतिनिधिमूलक रूपमा छानिएका स्थानीय तहहरूमा हालको सहरी वृक्षारोपण अभ्यासको स्थलगत अध्ययन तथा सरोकारवाला (नगरपालिका प्राविधिक, वातावरणविद्, सहरी योजनाविद्) सँग परामर्श गरिनेछ। आवश्यकता अनुसार सेवा परामर्शद्वारा समेत यो कार्यक्रम सञ्चालन गर्न सकिनेछ। प्रजाति छनोटका मापदण्डहरू (प्रदूषण सहनशीलता, जरा प्रणाली, छाँयाक्षेत्र, फलफूल/पात झर्ने प्रकृति, स्थानीयता आदि) तय गरी प्रजाति सूची तयार गरिनेछ। यसका साथै शहरी वनमा रहेका रुख विरुवाहरूको वृक्षारोपण, रेखदेख तथा समय-समयमा त्यस्ता रुख विरुवाहरूको व्यवस्थापन तरिकाहरू समेत समावेस गरी मापदण्डको मस्यौदा तयार गरिनेछ। मस्यौदा मापदण्ड तथा खाका तयार भएपछि विभिन्न सरोकारवालाहरू बीच गोष्ठी/कार्यशाला मार्फत राय परामर्श सङ्कलन एवं मस्यौदामा थप सुधार गरी अन्तिम रूप दिइनेछ। यो कार्यक्रम सञ्चालनका लागि विभिन्न विश्वविद्यालय वा अन्य अनुसन्धान संस्थासँग प्राविधिक सहकार्य गर्न सकिनेछ।

**अपेक्षित उपलब्धि**

नेपालका स्थानीय तहहरूले प्रयोग गर्न सक्ने वैज्ञानिक आधारमा तयार Municipal Urban Forestry Standards, Species Guidelines तथा Management Framework तयार भई प्रकाशन हुनेछ, जसले सहरी हरित क्षेत्र विस्तार तथा व्यवस्थापनमा एकरूपता ल्याउन सहयोग पुऱ्याउनेछ।

## वन पैदावार सदुपयोग शाखा

**कार्यक्रम नं.** :१

**क्र.स.नं.** : २.७.७.११२९

**कार्यक्रमको नाम** : नेपालको प्राथमिकता प्राप्त वन पैदावारका प्रजातिको Mechanical Strength UTM द्वारा मापन गर्ने



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
बबरमहल, काठमाडौं

बार्षिक बजेट रू : ७,००,०००।

**पृष्ठभूमि**

काठको गुणस्तर, विशेषगरी यसको Mechanical Strength ले निर्माण, फर्निचर, हस्तकला लगायतका विभिन्न प्रयोजनमा प्रजातिको उपयुक्तता निर्धारण गर्दछ। नेपालमा प्राथमिकता प्राप्त वन पैदावार प्रजातिहरूको वैज्ञानिक रूपमा बल (Strength) परीक्षण भएको तथ्याङ्क पर्याप्त उपलब्ध छैन, जसका कारण उद्योग, निर्माण क्षेत्र तथा नीति निर्माणमा अन्तर्राष्ट्रिय तथ्याङ्कमा भर पर्नुपर्ने अवस्था रहेको छ। यस केन्द्रमा रहेको Universal Testing Machine (UTM) प्रयोगशालाको उपयोग गरी नेपालका प्राथमिकता प्राप्त काष्ठजन्य वन पैदावार प्रजातिहरूको Mechanical strength सम्बन्धी गुणहरूको वैज्ञानिक रूपमा परीक्षण गरी सम्बन्धित नीति तथा प्रविधि विकासमा सहयोग पुऱ्याउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिने छ।

**कार्यान्वयन प्रक्रिया**

कार्यक्रम सञ्चालनका लागि सर्वप्रथम Protocol तथा लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ। प्राथमिकता प्राप्त काष्ठजन्य प्रजातिहरूको पहिचान गरी सोही अनुसार नमुना (Sample) संकलन/खरिद गरिनेछ। संकलित नमुनाहरूबाट International standard अनुसारको Specimen तयार गरी UTM बाट Static Bending Strength, Compressive Strength लगायतका गुणहरूको परीक्षण गरिनेछ। परीक्षणसँगै नमुनाहरूको Moisture Content समेत मापन गरिनेछ। संकलित तथ्याङ्कको विश्लेषण गरी प्रतिवेदन तयार गरिनेछ। कार्यक्रम मुख्यतः वन पैदावार शाखाको जनशक्तिबाट सञ्चालन हुने भए तापनि आवश्यकता अनुसार अन्य शाखाका कर्मचारी, इन्टर्न विद्यार्थी तथा विषयविज्ञको सेवा समेत लिइनेछ। तयारी भएका नमूनाको मापनका लागि आवश्यकता अनुसार थप जनशक्ति राख्न सकिनेछ। प्रति दिन कम्तीमा ३० वटा नमूना परीक्षण गर्न सकिने विषयलाई आधार मानी जनशक्ति व्यवस्था गर्न सकिनेछ। यस कार्यक्रममा प्राप्त बजेट प्रयोगशालाको मर्मत सम्भार तथा व्यवस्थापन, UTM Calibration, नमूना सङ्कलन/खरिद, नमूना तयारी, नमूनाको सिजनिङ, ट्रिटमेन्ट, फिल्ड भ्रमण तथा आवश्यक सामग्री खरिद एवं प्रकाशन लगायतका कार्यहरूमा खर्च गर्न सकिनेछ। आवश्यकता र औचित्यका आधारमा यो कार्यक्रम विश्वविद्यालय/अनुसन्धान संस्थासँग प्राविधिक सहकार्यमा समेत सञ्चालन गर्न सकिनेछ।



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

महानिर्देशक

**अपेक्षित उपलब्धि**

नेपालका प्राथमिकता प्राप्त वन पैदावार प्रजातिहरू मध्ये छनोट गरिएको कुनै एक काठजन्य प्रजातिको Mechanical Strength सम्बन्धी वैज्ञानिक तथ्याङ्क उपलब्ध हुनेछ, जसले काठजन्य पदार्थको उपयुक्त प्रयोग, नीति निर्माण तथा प्रविधि विकासमा सहयोग पुग्न सक्नेछ।

**कार्यक्रम नं.** : २

**क.स.नं.** : २.७.७.११३०

**कार्यक्रमको नाम** : नीजि क्षेत्रका तथा सामुदायिक वनमा आधारित वनमा आधारित वन उद्यहरूको तुतनात्मक अध्ययन

**बार्षिक बजेट रू** : ७,००,०००।

**पृष्ठभूमि**

नेपालको वन क्षेत्रको आर्थिक उपयोगिता अभिवृद्धि तथा स्थानीय जीविकोपार्जनमा योगदान पुऱ्याउने उद्देश्यले वन नीति २०७५ ले वनमा आधारित उद्यम विकासलाई प्राथमिकता दिएको छ। हाल नेपालमा सामुदायिक वन उपभोक्ता समूहहरूको स्वामित्वमा रहेका वन उद्यमहरू तथा निजी क्षेत्रको लगानी र व्यवस्थापनमा सञ्चालित वनमा आधारित उद्यमहरू दुवै किसिमका अभ्यासहरू विकसित हुँदै गएका छन्। तथापि यी दुई फरक स्वामित्व र व्यवस्थापन मोडलमा आधारित उद्यमहरूको लगानी, नाफा-नोक्सान, कच्चा पदार्थ आपूर्ति, सुशासन, बजार पहुँच तथा रोजगारी सिर्जना जस्ता पक्षहरूको तुलनात्मक वैज्ञानिक अध्ययन भएको पाइँदैन। यस्तो तुलनात्मक अध्ययनले दुवै मोडलका सबलता-दुर्बलता पहिचान गरी वन उद्यम प्रवर्द्धनसम्बन्धी नीतिगत सिफारिस तयार गर्न सहयोग पुऱ्याउने देखिएकोले यो कार्यक्रम प्रस्ताव गरिएको हो।

**कार्यान्वयन प्रक्रिया**

अध्ययनका लागि सर्वप्रथम Protocol तथा लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ। देशका विभिन्न भौगोलिक क्षेत्रबाट प्रतिनिधिमूलक रूपमा निजी क्षेत्र, सरकारी तथा समुदयमा आधारित वन उद्यमहरू छनोट गरिनेछ। तथ्याङ्क संकलनका लागि प्रश्नावली, अन्तर्वार्ता तथा Focus Group Discussion (FGD) जस्ता विधिहरू प्रयोग गरी प्राथमिक तथ्याङ्क संकलन गरिनेछ भने सम्बन्धित नीति, प्रतिवेदन तथा अभिलेखबाट अन्य तथ्याङ्क तथा विवरण संकलन गरिनेछ। संकलित तथ्याङ्कलाई लगानी, नाफा, रोजगारी सिर्जना, बजार पहुँच, सुशासन तथा



महानिर्देशक

चुनौती जस्ता सूचकका आधारमा तुलनात्मक विश्लेषण गरिनेछ। यो कार्यक्रम मुख्यतः सम्बन्धित शाखाको जनशक्तिबाट सञ्चालन हुनेछ भने आवश्यकता अनुसार इन्टर्न विद्यार्थी तथा विषयविज्ञको सेवा समेत लिन सकिनेछ। आवश्यकता अनुसार सेवा परामर्शद्वारा समेत यो कार्यक्रम सञ्चालन गर्न सकिनेछ। यस कार्यक्रममा प्राप्त बजेट फिल्ड भ्रमण, गोष्ठि सञ्चालन, तथ्याङ्क सङ्कलन, मसलन्द तथा अनुसन्धान लागि आवश्यक अन्य सामग्री खरिद एवं प्रकाशन लगायतका कार्यहरूमा खर्च गर्न सकिनेछ। यो कार्यक्रम सञ्चालनका लागि विभिन्न विश्वविद्यालय, अन्य अनुसन्धान संस्था वा सरकारी निकायसँग आर्थिक तथा प्राविधिक सहकार्य गर्न सकिनेछ।

**अपेक्षित उपलब्धि**

निजी क्षेत्र तथा सामुदायिक वनमा आधारित वन उद्यमहरूको तुलनात्मक अवस्था देखाउने प्रतिवेदन तयार हुनेछ, जसले वन उद्यम प्रवर्द्धन तथा नीति निर्माणका लागि प्रमाणमा आधारित सिफारिसहरू उपलब्ध गराउनेछ।

**कार्यक्रम नं.** :३

**क.स.नं.** : २.७.७.११६५

**कार्यक्रमको नाम** : निर्माण प्रयोजनका लागि प्रयोग हुने तीन बाँस प्रजातिको Mechanical Strength सम्बन्धी अध्ययन

**बार्षिक बजेट रू** : १७,५०,०००।

**पृष्ठभूमि**

बाँस आफ्नो छिटो वृद्धि, सहज उपलब्धता तथा कम लागतका कारण भवन निर्माण, पुनःस्थापना तथा विपद् पश्चातका संरचना (Resilience Structures), ढोका/झ्यालको फ्रेम जस्ता निर्माण प्रयोजनमा काठको उपयुक्त विकल्पको रूपमा प्रयोग हुँदै आएको छ। नेपालमा निर्माण प्रयोजनका लागि बढी प्रयोग हुने केही प्रमुख बाँस प्रजातिहरूको Mechanical Strength सम्बन्धी विस्तृत वैज्ञानिक अध्ययन अझै पर्याप्त छैन, जसका कारण निर्माण मापदण्डमा यिनको वैज्ञानिक आधार समावेश हुन सकेको छैन। निर्माण प्रयोजनका लागि प्रयोग हुने तीन प्रमुख बाँस प्रजातिहरू पहिचान गरी ती प्रजातिहरूको Static Bending Strength, Compressive Strength (Parallel/Perpendicular to grain) तथा Moisture Content सम्बन्धी अध्ययन UTM मार्फत गर्ने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरिएको हो।



महानिर्देशक

**कार्यान्वयन प्रक्रिया**

अध्ययनका लागि सर्वप्रथम Research Protocol तथा लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ। कार्यक्रम अन्तर्गत Literature Review तथा Data Format तयारी पश्चात निर्माण प्रयोजनमा बढी प्रयोग हुने तीन बाँस प्रजाति पहिचान गरी सोको नमुना संकलन/खरिद गरिनेछ। संकलित नमुनाबाट International standard अनुसारको Specimen तयार गरी UTM बाट Static Bending Strength तथा Compressive Strength परीक्षण गरिनेछ, साथै Moisture Content को प्रभाव समेत अध्ययन गरिनेछ। संकलित तथ्याङ्कको विश्लेषण गरी तीनवटै प्रजातिको तुलनात्मक प्रतिवेदन तयार गरिनेछ। बाँसको dimensions मा हुने फरकका कारण यो कार्यक्रम सञ्चालनका लागि इञ्जिनियरिङ दक्षता समेत आवश्यक पर्ने देखिन्छ। मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयले दुई बाँस प्रजातिको समान किसिमको अध्ययन गरिसकेको, अनुसन्धानको लागि आवश्यक क्षमताको प्रयोगशालाको उपलब्धता, बजेट खर्चमा मितव्ययिता ल्याउन तथा विशिष्टीकृत दक्षता उपलब्धता भएको कारण यो कार्यक्रम उक्त विश्वविद्यालयसँग MoU गरी सञ्चालन गरिनेछ। कार्यक्रम सञ्चालनका क्रममा आवश्यकता अनुसार अन्य शाखाका कर्मचारी, इन्टर्न विद्यार्थी तथा विषयविज्ञको सेवा समेत लिन सकिनेछ। प्रयोगशाला सञ्चालन, UTM Calibration/मर्मत, फिल्ड कार्य, नमूना सङ्कलन, खरिद, नमूना तयारीका लागि दक्ष जनशक्ति, नमूनाको प्रशोधन, ट्रिटमेन्ट, ढुवानी लगायत विविध कार्यका लागि आवश्यक खर्च यसै बजेटबाट व्यवस्थापन गरिनेछ।

**अपेक्षित उपलब्धि**

निर्माण प्रयोजनका लागि प्रयोग हुने तीन बाँस प्रजातिको Mechanical Strength सम्बन्धी वैज्ञानिक तथ्याङ्क तथा तुलनात्मक प्रतिवेदन तयार हुनेछ, जसले बाँसको निर्माण-उपयुक्तता निर्धारण तथा सम्बन्धित मापदण्ड/नीति निर्माणमा सहयोग पुऱ्याउनेछ।

**बायोमेट्रिक शाखा**

**कार्यक्रम नं.** : १

**क्र.स.नं.** : २.७.७.११३२

**कार्यक्रमको नाम** : जटामसीको बायोमास रेसियो सम्बन्धी अध्ययन



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

महानिर्देशक

बार्षिक बजेट रू : ३५०,०००।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
बबरमहल, काठमाडौं

**पृष्ठभूमि**

जटामसी (*Nardostachys grandiflora*) नेपालको उच्च हिमाली क्षेत्रमा पाइने एक महत्वपूर्ण औषधीय तथा सुगन्धित गैरकाष्ठ वन पैदावार (NTFP) हो। यसले स्थानीय समुदायको जीविकोपार्जन, जैविक विविधता संरक्षण तथा राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ। साथै, वन पारिस्थितिक प्रणालीमा बायोमास तथा कार्बन सञ्चितिमा समेत यसको भूमिका रहेको छ।जटामसीको दिगो व्यवस्थापन, वन स्रोत सर्वेक्षण तथा उत्पादनको वैज्ञानिक अनुमानका लागि यसको हरियो तौल (Fresh Weight), सुक्खा तौल (Air Dry Weight) र तेल (Essential Oil) उत्पादनबीचको रूपान्तरण अनुपात (Biomass Ratio/Conversion Factor) निर्धारण गर्नु आवश्यक छ। हालसम्म यस सम्बन्धी अध्ययन सीमित रहेकाले दिगो संकलन (Sustainable Harvesting), स्रोत मूल्याङ्कन तथा नीतिगत निर्णयका लागि आवश्यक वैज्ञानिक आधार तयार गर्ने उद्देश्यले यो अध्ययन प्रस्ताव गरिएको हो।

**कार्यान्वयन प्रक्रिया**

कार्य प्रारम्भ गर्नुअघि विस्तृत अनुसन्धान प्रस्ताव (Research Protocol) तथा लागत अनुमान स्वीकृत गरि स्थानीय वन उपभोक्ता समूह, डिभिजन वन कार्यालय तथा सम्बन्धित सरोकारवाला निकायसँग समन्वय गरी कार्य सञ्चालन गरिनेछ। यस कार्यक्रम वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका अनुसन्धानकर्ताहरु मार्फत सञ्चालन गरिनेछ भने आवश्यकता अनुसार केन्द्रमा सूचीकृत फिल्ड सहायक, वन तथा वनस्पति विज्ञहरूलाई नेपाल सरकारको प्रचलित नियम अनुसार सेवा सुविधा उपलब्ध गराई परिचालन गरिनेछ। यो कार्य डि व अ, सा व उ स लगायतको समन्वयमा गर्नुपर्ने भएकोले समन्वयमा खाजा खर्च तथा यातायतमा खर्च गरिनेछ । फिल्ड कार्यका लागि प्रत्येक नमूना प्लटमा २ जना ज्यामी, १ जना स्थानीय स्रोत व्यक्ति तथा आवश्कता अनुसार भरियाहरू परिचालन गरिनेछन् । अध्ययनका लागि आवश्यक सवारी साधन कार्यालयबाट उपलब्ध नभएमा प्रचलित नियम बमोजिम भाडामा लिइनेछ। उच्च हिमाली तथा दुर्गम क्षेत्रमा कार्य सञ्चालन गर्नु पर्ने भाएकोले आवश्कता अनुसार फिल्ड गियर तथा प्याकेजिङ्ग तथा लेवलिङ्ग सामानहरु र तौल लिने मेसिन लगायत आवश्यक उपकरण खरिद गरिनेछ । यस कार्क्रम सम्पन्न गर्न मुख्य गरेर निम्न क्रियाकलाप संचालन गरिनेछ ।



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

महानिर्देशक

❖ सरोकारवाला निकाय, डिभिजन वन कार्यालय तथा स्थानीय समुदायसँग समन्वय गरी कर्णाली प्रदेशमा नमूना संकलन समय निर्धारण गर्ने।

❖ स्वीकृत अनुसन्धान प्रोटोकल अनुसार नमूना प्लट स्थापना गरी जटामसीका नमूना संकलन गर्ने।

❖ प्रत्येक नमूनाको Fresh Weight, Rhizome Size तथा अन्य आवश्यक भौतिक गुणहरू मापन तथा अभिलेख गर्ने।

❖ नमूनाको उचित Packaging तथा Labelling गरी प्रयोगशालामा पठाउने।

❖ प्रयोगशालामा Air Dry गरी तौल लिने तथा Essential Oil Extraction गरी तेलको मात्रा निर्धारण गर्ने।

❖ संकलित तथ्याङ्कको विश्लेषण गरी Biomass Ratio, Conversion Factor तथा आवश्यक समीकरण विकास गर्ने।

❖ अध्ययन प्रतिवेदन तयार गरी प्रकाशन गर्ने।

**अपेक्षित उपलब्धि**

जटामसीको भौतिक गुणहरूको आधारमा हरियो तौल, सुक्खा तौल तथा आवश्यक तेल उत्पादनबीचको सम्बन्ध (Biomass Ratio and Conversion Factor) निर्धारण भएको हुनेछ ।

**योजना तथा नीति कार्यक्रम प्रभावकारीता अध्ययन शाखा**

| | |
|---|---|
| **कार्यक्रम नं.** | :१ |
| **क्र.स. नं.** | : २.७.२५.३२२१ |
| **कार्यक्रमको नाम** | : वार्षिक योजना तर्जुमा तथा समीक्षा गोष्ठी आयोजना गर्ने । |
| बार्षिक बजेट | : रू १,०५,०००।- |

**पृष्ठभूमि**

आगामी आ.व. २०८३/०८४ का लागि राष्ट्रिय योजना आयोगको आवधिक योजना, मध्यमकालीन खर्च संरचना, अर्थ मन्त्रालय तथा वन तथा वातावरण मन्त्रालयबाट प्राप्त बजेट सीमा, नीतिगत मार्गदर्शन तथा स्वीकृत कार्यक्रमलाई आधार मानी केन्द्रको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने हुन्छ। यस प्रक्रियालाई व्यवस्थित, समन्वयात्मक तथा सहभागितामूलक बनाउन केन्द्रका शाखा, महाशाखा तथा सम्बन्धित

सरोकारवाला निकायहरूको सक्रिय सहभागितामा वार्षिक योजना तर्जुमा तथा समीक्षा गोष्ठी आयोजना गरिनेछ।

यस गोष्ठीमार्फत विगतका कार्यक्रमहरूको कार्यसम्पादन, उपलब्धि, चुनौती तथा सिकाइहरूको समीक्षा गरी आगामी आर्थिक वर्षका लागि यथार्थपरक, नतिजामुखी तथा प्राथमिकतामा आधारित कार्यक्रम तथा बजेट तर्जुमा गरिनेछ। साथै, केन्द्रका विभिन्न शाखाबीच समन्वय र सहकार्य अभिवृद्धि गर्दै कार्यक्रम कार्यान्वयनमा एकरूपता कायम गर्न तथा स्रोत– साधनको प्रभावकारी परिचालन सुनिश्चित गर्न यस कार्यक्रमले महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ।

- केन्द्रका महाशाखा र शाखाहरूलाई कार्यक्रम तयारीका जानकारी
- कार्यक्रम तयारी पूर्व तयारी गोष्ठि
- अन्तरक्रियात्मक गोष्ठि
- कार्यक्रम प्रस्तुतिहरू (आन्तरिक र बाह्य)

**कार्यान्वयन प्रक्रिया**

- केन्द्रका महाशाखा र शाखाहरूले गत आ.व. ०८२/०८३ मा सञ्चालन गरेका कार्यक्रमहरुको प्रगति महाशाखा र शाखाहरूबाट पस्तुतिकरण सहित समिक्षा गोष्ठि सञ्चालन गर्ने
- कार्यक्रम सञ्चालनार्थ अवधारणा पत्र तथा लागत अनुमान तयारी
- कार्यान्वयन चरणः गोष्ठि तथा अन्तरक्रिया सञ्चालन
- बजेट उपशीर्षक अनुरूप कार्यक्रम LMBIS मा प्रविष्ठका लागि सम्पूर्ण महाशाखा र शाखाहरूबाट कार्यक्रमको विवरण संकलन
- सम्पूर्ण महाशाखा र शाखाहरूबाट संकलन गरिएको कार्यक्रमहरूलाई LMBIS मा प्रविष्ठ गर्ने ।

**गोष्ठी सञ्चालन प्रक्रियाः**

कार्यक्रम छनौट गोष्ठी गर्नु पूर्व सम्पूर्ण महाशाखा र शाखाका कर्मचारीहरूको सहभागितामा योजना तर्जुमा पूर्व तयारी गोष्ठीको आयोजना गरिने छ र उक्त गोष्ठीमा सहभागीहरूलाई अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०८१ बमोजिम खाजामा खर्च गरिनेछ । वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा सूचिकृत भएका सेवाप्रदायकहरू मध्येबाट दरभाउपत्र माग गरी सवैभन्दा कम दरभाउपत्र पेश गर्ने

सेवाप्रदायक छनौट गरी १-२ दिने गोष्ठी सञ्चालन गरिनेछ । यदि सेवा प्रदायकबाट सञ्चालन गर्न नसकिएमा अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०८३ मा व्यवस्था भए बमोजिम खाजा तथा अन्य खर्च गर्न सकिने छ।

**अपेक्षित उपलब्धि**

केन्द्रको सम्पूर्ण बजेट उपशिर्षकहरूको प्रस्तावित बजेट तथा कार्यक्रमहरू सम्बन्धमा पर्याप्त छलफल र अन्तरक्रिया भई नियमित वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा भई LMBIS मा प्रविष्ठ भएको हुनेछ ।

**कार्यक्रम नं.** :२

**क्र.स. नं.** : २.७.२५.३२२३

**कार्यक्रमको नाम** : राष्ट्रिय वन अनुसन्धान दिवस कार्यक्रम ।

बार्षिक बजेट : रू २,१०,०००।-

**पृष्ठभूमि**

वन अनुसन्धान तथा सर्वेक्षण विभागको स्थापना वि.सं. २०५५ साल पौष ६ गते भएको ऐतिहासिक दिनको स्मरण गर्दै वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले वि.सं. २०८१ सालदेखि प्रत्येक वर्ष **राष्ट्रिय वन अनुसन्धान दिवस** मनाउँदै आएको छ। यस दिवसको मुख्य उद्देश्य वन अनुसन्धान तथा सर्वेक्षणको इतिहास, उपलब्धि, वर्तमान अवस्था तथा भावी दिशाबारे सरोकारवालाहरूबीच जानकारी आदान– प्रदान गर्ने, वन अनुसन्धानको महत्वप्रति जनचेतना अभिवृद्धि गर्ने तथा अनुसन्धानमा आधारित वन व्यवस्थापनलाई प्रवर्द्धन गर्नु हो।

यस दिवसका अवसरमा वन तथा वातावरण क्षेत्रसँग सम्बन्धित नवीनतम अनुसन्धानका नतिजा, प्रविधि, अनुभव तथा सिकाइहरूको आदान– प्रदान, अनुसन्धानकर्ताहरू, नीतिनिर्माता, शिक्षाविद् तथा अन्य सरोकारवालाबीच अन्तरक्रिया, उत्कृष्ट अनुसन्धान कार्यको प्रोत्साहन तथा अनुसन्धान– नीति– व्यवस्थापनबीचको सम्बन्धलाई थप सुदृढ बनाउने कार्यक्रमहरू सञ्चालन गरिनेछन्। साथै, वन अनुसन्धान तथा सर्वेक्षणको क्षेत्रमा केन्द्रले पुऱ्याएको योगदानको समीक्षा गर्दै अनुसन्धानमा आधारित दिगो वन व्यवस्थापन तथा नीति निर्माणलाई थप प्रभावकारी बनाउन आवश्यक सुझावहरू संकलन गर्ने अवसरका रूपमा समेत यस दिवसलाई उपयोग गरिनेछ।

आगामी आर्थिक वर्षमा आयोजना गरिने तेस्रो राष्ट्रिय वन अनुसन्धान दिवस लाई थप प्रभावकारी, सहभागितामूलक तथा उपलब्धिमूलक बनाउन सम्बन्धित सरकारी निकाय, विश्वविद्यालय, अनुसन्धान संस्था, विकास साझेदार तथा



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

महानिर्देशक

अन्य सरोकारवालाहरूको सक्रिय सहभागितामा विविध कार्यक्रमहरू सञ्चालन गर्ने लक्ष्य राखिएको छ। यस कार्यक्रममार्फत वन अनुसन्धानको महत्वलाई राष्ट्रिय स्तरमा थप स्थापित गर्दै अनुसन्धानमा आधारित निर्णय प्रणालीलाई सुदृढ बनाउन योगदान पुग्ने अपेक्षा गरिएको छ।

**कार्यान्वयन प्रक्रिया**

वन अनुसन्धान तथा सर्वेक्षण विभागको स्थापना दिवस (वि.सं. २०५५ साल पौष ६ गते) को अवसरमा मनाइने तेस्रो **राष्ट्रिय वन अनुसन्धान दिवस**लाई भव्य तथा प्रभावकारी रूपमा सम्पन्न गर्न तीनदिने कार्यक्रम आयोजना गरिनेछ। कार्यक्रम अन्तर्गत पहिलो दिन कार्यालय परिसर सरसफाइ तथा दिवसको तयारीसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। दोस्रो दिन वन अनुसन्धान तथा वन व्यवस्थापनसँग सम्बन्धित समसामयिक विषयमा अन्तरक्रिया तथा कार्यशाला (Interaction Workshop) आयोजना गरिनेछ, जसमा अनुसन्धानकर्ता, विज्ञ तथा अन्य सरोकारवालाहरूको सहभागिता रहनेछ।

तेस्रो तथा मुख्य दिन वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका पूर्व कर्मचारी, अनुसन्धानकर्ता, विश्वविद्यालयका प्रतिनिधि, वन तथा वातावरण क्षेत्रका विज्ञ, विकास साझेदार संस्था तथा अन्य सरोकारवालाहरूको सहभागितामा वृहत् गोष्ठी आयोजना गरिनेछ। गोष्ठीमा वन अनुसन्धानका उपलब्धि, चुनौती तथा भावी कार्यदिशाका विषयमा प्रस्तुतीकरण तथा छलफल गरिनेछ।

यस अवसरमा आर्थिक वर्ष २०८२/०८३ भित्र peer-reviewed journal मा अनुसन्धान लेख (Research Article) प्रकाशन गर्ने उत्कृष्ट अनुसन्धानकर्तालाई सम्मान तथा पुरस्कार प्रदान गरिनेछ। साथै, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको समग्र कार्यसम्पादन, अनुसन्धान योगदान तथा प्रकाशनका आधारमा केन्द्रको उत्कृष्ट अनुसन्धानकर्ता छनोट गरी सम्मान तथा पुरस्कृत गरिनेछ। सबै पुरस्कार तथा सम्मानहरू राष्ट्रिय वन अनुसन्धान दिवसको मुख्य समारोहमा प्रदान गरिने व्यवस्था मिलाइनेछ।

यस कार्यक्रममार्फत वन अनुसन्धानको प्रवर्द्धन, अनुसन्धानकर्ताहरूको मनोबल अभिवृद्धि, अनुसन्धानमा आधारित ज्ञान आदान–प्रदान तथा वन क्षेत्रका सरोकारवालाबीच सहकार्य र समन्वयलाई थप सुदृढ बनाउने अपेक्षा गरिएको छ।

**अपेक्षित उपलब्धि**

- वन अनुसन्धानको प्रवर्द्धन तथा अनुसन्धानकर्ताहरूको प्रोत्साहनमा वृद्धि हुने।

❖ वन अनुसन्धानका नतिजा, अनुभव तथा नवीन प्रविधिबारे सरोकारवालाबीच ज्ञान, अनुभव र सूचना आदान– प्रदान भई अनुसन्धान– नीति– व्यवस्थापनबीचको समन्वय सुदृढ हुने।

❖ वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको अनुसन्धानमूलक योगदानको प्रचार– प्रसार भई अनुसन्धानमा आधारित दिगो वन व्यवस्थापन तथा नीतिगत निर्णय प्रक्रियालाई थप टेवा पुग्ने।

## जैविक विविधता तथा जलाधार अनुसन्धान शाखा

**कार्यक्रम नं.** : १

**क.स.नं.** : २.७.७.११४४

**कार्यक्रमको नाम** : Understanding high elevation forest role of species composition and structure

**बार्षिक बजेट** : रू १०५०,०००।

**पृष्ठभूमि**

नेपाल लाई उचाई तथा अक्षांस को आधारमा तराई पहाड तथा हिमाली क्षेत्र लगायतका विभिन्न पाँचवटा Physiographic Region मा विभाजन गरिएको छ । भिन्न भिन्न Physiographic region मा भिन्न भिन्न वनस्पती प्रजाती तथा वनका फरक प्रकारहरु रहेका छन् । फरक प्रजाती तथा वनको संरचनाको फरकपनका कारण ले कार्बन संचितिको वितरण पनि भौगोलिक क्षेत्रअनुसार फरको रहेको छ । नेपालको आवधिक राष्ट्रिय वन स्रोत सर्वेक्षणका तथ्यांकहरुले उच्च हिमाली क्षेत्रमा वायोमास र कार्बनको संचिति अन्य भौगोलिक क्षेत्रहरु भन्दा उच्च रहेकोले उच्च हिमाली क्षेत्रमा रहेको रुखका प्रजातीहरु वनको संरचना तथा प्रजातीको सम्मिश्रण र सोको कार्बन संचिति र कार्बन वितरणमा भूमिकाको अध्ययन गर्नु आवश्यक रहेको देखिएकोले यो अनुसन्धान परियोजना प्रस्ताव गरिएको हो ।

**उद्देश्य**

**अध्ययनले निम्न मुख्य उद्देश्य राखेको छः**

❖ उच्च उचाइका वनहरूमा वन बायोमासको भिन्नतामा प्रजातिहरुको Composition र Structure ले कस्तो असर गर्दछ ?



महानिर्देशक

❖ उच्च हिमाली क्षेत्रका अन्य वनहरूको तुलनामा उच्च बायोमास रहेका भएका वनहरूमा Topoclimatic विशेषताहरू के के छन् ?

**कार्यान्वयन प्रक्रिया**

स्थलगत तथ्यांक संकलनको लागि आवश्यक Crew Member हरु FRTC कै प्राबिधिक जनशक्तिबाट व्यवस्था गरिनेछ । जसको खर्च तथा दैनिक भ्रमण भत्ता भुक्तानी यस कार्यक्रममा बिनियोजित बजेट मार्फत हुनेछ । स्थलगत तथ्यांक संकलनको लागि थप जनशक्ति आवश्यक पर्ने भएमा बन श्रोत सर्वेक्षण तथा नक्साकन सम्बन्धि तालिम लिएका सो नभए सम्वन्धित फिल्डको अनुभव भएको दक्ष जनशक्तिहरुको सूची तयार गरी आवश्यक्ता अनुसार सोहि सूचीबाट लिने व्यवस्था गरिने छ । साथै वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा Intern मा संलग्न विधार्थीहरुलाई समेत आवश्यकुता अनुसार परिचालन गरिनेछ । यस केन्द्रको आ.व. २०८३/८४ को विनियोजित वजेटबाट फिल्ड कार्यको लागि गाडी भाडाको खर्च, इन्धन खर्च, आवश्यक पर्ने उपकरण तथा TOPO नक्शा खरिद, फिल्ड गियर, प्राबिधिकहरुको दैनिक भ्रमण भत्ता, सर्वेक्षण फारम, Standard Operating Procedure (SOP) प्रतिवेदन छपाई, स्थलगत कार्यमा खटिजाने वन प्राविधिक कर्मचारीहरुको दुर्घटना बिमा लगायत विविध खर्चमा छुट्टाएर खर्च गरिनेछ ।

**मुख्य क्रियाकलापहरुः**

- ❖ उच्च बायोमास रहेको हिमाली भेगका बनहरुको प्रारम्भिक पहिचान गर्ने । यो उद्देश्यका लागि राष्ट्रिय बन श्रोत सर्वेक्षण द्वारा स्थापित नमुना प्लटहरुमामा देखिएको बन सम्बन्धि बिबरणहरु प्रारम्भिक आधार हुनेछन् ।
- ❖ उपलब्ध तथ्यांक एवं नक्शाहरुको पूनरावलोकन गरी तिनका आधारमा प्रारम्भिक अध्ययन क्षेत्रको सूची तयार गर्ने ।
- ❖ हिमाली क्षेत्रको बनलाई प्रतिनिधि गर्ने क्षेत्रको छनौटको आधारमा बिस्तृत अध्ययन विधि तयार गरी सो अनुरुप स्थलगत तथ्यांक संकलनको लागि आवश्यक फारामहरु साथै कार्यविधि (Standard Operating Procedure) तयार गर्ने ।
- ❖ छनौटभएका अध्ययन क्षेत्रहरुमा बनका प्रकार एवं अन्य स्थानहरुको बिस्तृत अध्ययन गर्ने आवश्यक स्थलगत तथ्यांक संकलन गर्ने ।



नेपाल सरकार कृषि, वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

महानिर्देशक

❖ प्राथमिक तथा सेकेण्डरी तथ्यांकहरुको विश्लेषणका आधारमा सम्बन्धित प्रतिवेदनहरु तयार गर्ने ।

**अपेक्षित उपलब्धि**

१. उच्च उचाइका वनहरूमा वन बायोमासको भिन्नतामा वन संरचना र प्रजातिहरूको संरचनाको भूमिका वारेमा तथ्यांक सहितको अनुसन्धानात्मक प्रतिवेदन ।

२. उच्च हिमाली क्षेत्रका अन्य वनहरूको तुलनामा उच्च बायोमास घनत्व भएका वनहरूमा उपयुक्त व्यवस्थापन क्रियाकलापहरुको विवरण सहितको प्रतिवेदन ।

**कार्यक्रम नं** : २

**क.सं.नं.** : २.७.२५.३२१९

**कार्यक्रमको नाम:** Spatially explicit mapping of forest biomass stock in Eastern Terai

**विनियोजित बजेटः** : रू. ७,००,०००।-

**पृष्ठभूमीः**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको आ.ब. २०८१/८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार नेपालको तराइ भू-परिधि क्षेत्रको बायोमास नक्सांकन दुर संवेदनका तथ्यांकहरु र स्थलगत मापन कार्यको आधारमा सम्पन्न भएको थियो । सो कार्यक्रमको दौरान स्थलगत तथ्यांक र विभिन्न दुर संवेदनका तथ्यांकहरुको बिश्लेषण बाट वायोमास अनुमान गर्नको लागि एक मोडेल तयार गर्ने कार्य भैरहेको छ । सो कार्यक्रमको निरन्तरता तथा प्राप्त मोडेलमा थप स्थलगत तथ्यांक थपि सो मोडेलको उपयोगिताको अभिबृद्दी गर्नको लागि यस चालु आ.ब. मा यो कार्यक्रम प्रस्ताव गरिएको हो।

यस अध्ययनले राष्ट्रिय स्तरमा दुर संवेदनबाट प्राप्त तथ्यांकहरुको आधारमा वन वायोमास मौज्दातको मोडेलहरु विकास गर्ने र स्थानीय रुपमा स्पष्ट वन बायोमास नक्सांकन गर्ने लक्ष्य राखेको छ । उक्त नक्सा मार्फत वन व्यवस्थापन तथा कार्बन अनुगमनसँग सम्बन्धित नीति निर्माण तथा अन्तराष्ट्रिय सन्धि सम्झौताहरु कार्यान्वयनका लागि आवश्यक प्रतिवेदनहरु तयार गर्न सहयोग पुग्ने देखिन्छ ।

उद्देश्यः

❖ पुर्वी तराई क्षेत्रको वन क्षेत्रको बायोमास नक्सांकन गर्ने (Wall to Wall Biomass mapping)

कार्यसञ्चालन विधिः

यस कार्यक्रम दुर-सम्वेदन तथा नक्शांकन शाखा तथा बन सर्वेक्षण तथा कार्बन मापन शाखासँगको सहकार्यमा जैविक विवधता तथा जलाधार अनुसन्धान शाखाका उपलब्ध जनशक्तिवाट गरिनेछ । उपलब्ध जनशक्ति अपुग भएमा यस केन्द्रमा इन्टर्नशिपका लागि आउने इन्टर्न बिद्यार्थीहरुको समेत स्थलगत तथ्यांक संकलन तथा तथ्यांक प्रबिष्टीमा सहयोग लिइनेछ ।

चालु आ.व. २०८३/०८४ मा विनियोजित बजेटबाट आ.ब. २०८१/८२ को तराइ भू-परिधी क्षेत्रमा कार्य गर्नको लागि तयार गरेको प्रोटोकलको आधारमा तयार गरिने नयाँ प्रोटोकल अनुसारको प्लट छनौट, स्थलगत प्लट मापनको कार्य नेपालको पुर्वी तराई क्षेत्रका आठ जिल्लाहरु (सर्लाही, महोत्तरी, धनुषा, सिरहा, सप्तरी, मोरङ, सुनसरी तथा झापा) मा सञ्चालन गरिनेछ । त्यसैगरी उपयुक्त तथ्यांक व्यवस्थाप प्रणाली प्रयोग गरी तथ्यांक प्रबिष्टी र तथ्यांक बिश्लेषणका कार्यहरु गरिनेछ ।स्थलगत अध्ययनका लागि दैनिक तथा भ्रमण भत्ता खर्च, फिल्ड गियर, गाडी भाडाको खर्च, इन्धन खर्च, ज्यामी लगायत विविध खर्चमा लागत अनुमान तयार गरी खर्च गरिनेछ ।

मूख्य क्रियाकलापहरुः

❖ पुर्वी तराईका वन क्षेत्रहरुमा प्लटहरु स्थापना गरी बायोमास बिश्लेषणको लागि आवश्यक तथ्यांक संकलन गर्ने ।
❖ प्लट मापनबाट प्राप्त Aboveground बायोमासलाइ दुर संवेदनबाट प्राप्त तथ्यांकहरुको आधारमा मोडेल तयार गर्न आवश्यक तथ्यांकहरुलाइ बिश्लेषण गर्ने ।
❖ वनमा रहेको Aboveground बायोमासको Wall to wall नक्साङ्कन बनाउने ।
❖ नक्सांकन गरिएको नतिजाका आधारमा accuracy assessment का लागि field verification कार्य गर्ने ।

अपेक्षित उपलब्धिहरु:

- कार्यक्रम अन्तरगत गरिने स्थलगत तथ्यांक संकलन कार्यबाट प्लट अनुसारको वायोमासको तथ्यांक प्राप्त हुने ।
- मापन गरिएको वायोमास र अन्य प्रकारले दुर संवेदनमार्फत मापन गरिएको वायोमासको सम्बन्धको जानकारी हुने ।
- दुर संवेदनबाट प्राप्त तस्वीरहरुको आधारमा वायोमास अनुमान गर्ने उपयुक्त मोडेल तयार हुने
- नेपालको पुर्वी तराईका वन क्षेत्रमा रहेको Aboveground Biomass को मौज्दातको Wall to Wall नक्शा तयार हुने ।

**दूरसंवेदन तथा नक्साङ्कन शाखा**

**कार्यक्रम नं.** :१

**क.स.नं.** : २.७.२५.३२३८

**कार्यक्रमको नाम** : National Land Cover Monitoring System को update

**बार्षिक बजेट** : रू ७००,०००।

**पृष्ठभूमि**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले ICIMOD,NASA र USAID को प्राविधिक सहयोगमा नेपालको Land Cover नक्सांकन गर्ने प्रणाली (National Land Cover Monotoring System) को बिकास गरि सन् २००० देखि २०१९ सम्मको Land cover तयार गरी वन तथा वातावरण मन्त्रालयबाट सन् २०२० मा र सन् २०२० देखि २०२२ सम्मको Land cover अद्यावधिक गरी गत आर्थिक वर्ष (२०८१/८२) मा नक्शा सहित प्रतिवेदन समेत प्रकाशन गर्ने कार्य सम्पन्न भएको छ | उक्त Land Cover सम्बन्धी तथ्याङ्क वनसँग सम्बन्धी नीति निर्माण तथा अन्तरराष्ट्रिय सन्धी, सम्झौता र सम्मेलनमा Reporting गर्न अति आवश्यक रहेको देखिन्छ | त्यसैले हरेक वर्ष यसको अद्यावधिक गरी नक्शांकन गर्नुपर्ने हुन्छ | साथै गत आर्थिक वर्ष (२०८१/८२) मा सन् २०२३ को Land cover तयार भएको छ | यसै सन्दर्भमा यस आर्थिक वर्ष (२०८३/८४) मा सन्

२०२४ र २०२५ को Land cover अद्यावधिक नक्सा तयार गरी सन् २०२३, २०२४ र २०२५ को नक्शा प्रकाशन गर्नका लागि यो कार्यक्रमको व्यवस्था गरिएको हो ।

**कार्यान्वयन प्रक्रिया**

यस कार्यक्रम दुर-सम्वेदन तथा नक्शांकन शाखा कै जनशक्तिवाट गर्ने, Visual Interpretation गर्न अपुग जनशक्ति सेवा करार गरेर कार्य सम्पन्न गरिनेछ । चालु आ.व. २०८३/८४मा विनियोजित वजेटबाट सन् २०२४ र २०२५ को Land Cover तयार गर्ने आवश्यक तथ्यांक संकलन (Visual Interpretation) को लागि Remote Sensing and GIS सम्बन्धि ज्ञान भएको प्राविधिक कर्मचारीहरु सेवा करार खर्च, Land Cover को Field Verification को लागि दैनिक तथा भ्रमण भत्ता खर्च, गाडी भाडाको खर्च, इन्धन खर्च लगायत विविध खर्चमा छुट्टाएर खर्च गरिनेछ । Land Classes को reference sample visual interpretation कार्य एक जना प्राविधिकले एक दिनमा ५० वटा reference sample collection गर्न सक्ने भएकोले आवश्यकता अनुसार आवश्यक पर्ने Remote Sensing and GIS सम्बन्धि ज्ञान भएको ( कम्तिमा Remote Sensing तथा GIS विषय लिएर वन विज्ञान वा इन्जिनियरिंगमा स्नातक तहको अध्ययन गरेको ) अनुभवी प्राविधिक जनशक्तिहरुको सूची तयार गरी आवश्यक्ता अनुसार सोहि सूचीबाट लिने व्यवस्था गरिने छ । साथै वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा Intern मा संलग्न विधार्थीहरुलाई समेत आवश्यकता अनुसार परिचालन गरिनेछ ।

**अपेक्षित उपलब्धि**

- कार्यक्रम पूर्ण रुपमा संचालन पश्च्यात नेपालको सन् २०२४ र २०२५ को Landcover अद्यावधिक भइ Land Cover को नक्शा तयार हुने ।

**कार्यक्रम नं.** :२

**क्र.स.नं.** : २.७.२५.३२२९

**कार्यक्रमको नाम** : वनको प्रकार तथा पारीस्थितिकिय प्रणालीको नक्साङ्कन गर्ने

**बार्षिक बजेट** : रू ७०,०००।

**पृष्ठभूमि**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले नेपालमा भएका वन, घाँसे मैदान, सिमसार र कृषि क्षेत्रका प्रकार तथा पारिस्थितिकिय प्रणालीहरुको नक्शांकन गर्ने उदेश्यले Project Design Document तयार गरी वन तथा वातावरण



महानिर्देशक

मन्त्रालयबाट स्वीकृत गरी आ. व. २०७७/७८ देखि विधिवत रुपमा Ecosystem and Forest Type Mapping Program संचालन गरिरहेको छ | यो कार्यक्रम वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत Project Design Document एवंम् Ecosystem and Forest Type Mapping Program को Inception Report को आधारमा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको दुरसंवेदन तथा नक्शांकन शाखाद्वारा Ecosystem and Forest Type Mapping Program को Ecosystem Mapping Unit मार्फत संचालन गरिदै आएको छ | हाल स्वीकृत Project Design Document अनुसार कार्यक्रम संचालन गर्नुपर्ने प्रावधानले कार्यक्रम रोकिएको छ | यसमा विनियोजित बजेट अत्यन्तै न्यून भएको हुँदा वन तथा वातावरण मन्त्रालयको समन्वय र सहयोगमा बिभिन्न विकास साझेदारहरुसंगको आर्थिक तथा प्राविधिक सहयोग भई आएमा स्वीकृत Project Design Document अनुसार कार्यान्वयन गरिनेछ |

**कार्यान्वयन प्रक्रिया**

यस कार्यक्रममा Ecosystem and Forest Type Program को Inception Report मा उल्लेखित नेपाल भरि पुर्व निर्धारित reference point तथा Purposive reference point हरुबाट वन, घाँसे मैदान, सिमसार र कृषि क्षेत्रका प्रकारहरुको तथ्यांक संकलन गरि अध्ययन विश्लेषण गरि कार्य सम्पन्न गरिन्छ | स्थलगत तथ्यांक संकलनको लागि आवश्यक Crew Member हरु साझेदार संस्थाबाट लिइनेछ, जसको शुल्क तथा दैनिक भ्रमण भत्ता साझेदार संस्थाबाट उपलब्ध हुनेछ | स्थलगत तथ्यांक संकलनको लागि थप जनशक्ति आवश्यक पर्ने भएमा Ecosystem and Forest Type Mapping सम्बन्धी तालिम लिएका सो नभए वन स्रोत सर्वेक्षण सम्वन्धि फिल्डको अनुभव भएको दक्ष जनशक्तिहरुको सूची तयार गरि आवश्यक्ता अनुसार सोहि सूचीबाट लिने व्यवस्था गरिने छ | साथै वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा Intern मा संलग्न विधार्थीहरुलाई समेत आवश्यकता अनुसार परिचालन गरिनेछ | यस केन्द्रमा आ.व. २०८३/८४ विनियोजित वजेटबाट फिल्ड कार्यको लागि गाडी भाडाको खर्च, इन्धन खर्च, आवश्यक पर्ने उपकरण तथा TOPO नक्शा खरिद, दैनिक भ्रमण भत्ता Intern विद्यार्थीहरुको दैनिक भ्रमण भत्ता, सर्वेक्षण फारम, Standard Operating Procedure (SOP) प्रतिवेदन छपाई, स्थलगत कार्यमा खटिजाने वन प्राविधिक कर्मचारीहरुको दुर्घटना बिमा लगायत विविध खर्चमा छुट्टाएर खर्च गरिनेछ |

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

महानिर्देशक

अपेक्षित उपलब्धि

- नेपालका वन-बुट्यान, घाँसे मैदान, सिमसार र कृषि क्षेत्रको प्रकार एवं पारिस्थिकीय प्रणालीहरुको भौगोलिक अवस्थितिको अद्यावधिक नक्शा एवं विवरणात्मक प्रतिवेदन ।
- विभिन्न पारिस्थिकीय प्रणालीहरुको संवेदनशीलताको स्तर दर्शाउने नक्शा एवं सो अनुरुप उपयुक्त व्यवस्थापन क्रियाकलापहरुको विवरण सहितको प्रतिवेदन ।

## माटो प्रयोगशाला

कार्यक्रम नं : १

क.स.नं. : २.७.२५.३२३०

कार्यक्रमको नाम :माटो प्रयोगशालाको संचालन तथा व्यवस्थापन गर्ने

विनियोजित बजेट: रु. ७,००,०००|-

पृष्ठभूमि:

माटो प्रयोगशालाको संचालन तथा व्यवस्थापनको लागि माटोको नमूनाहरु विश्लेषण गर्नको आवश्यक Chemicals तथा Glassware खरिद गर्नुको साथै विश्लेषण कार्यमा प्रयोग हुने उपकरणहरु समय समयमा मर्मत गराउनुपर्ने हुन्छ।

उद्देश्य:

- यस केन्द्रको माटो प्रयोगशालामा माटो विश्लेषणको लागि आवश्यक Chemicals तथा Glassware खरिद गर्ने।
- यस केन्द्रले तयार गरेको Protocol अनुरुप लागत अनुमान तयार गरी महानिर्देशकबाट स्वीकृत गराई कार्य सन्चालन गरिनेछ।
- रिद प्रकृया प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियामावली २०६४ अनुरूप गरिनेछ।
- जनशक्ति अपुग भएमा विज्ञ सेवा करार गरी दैनिक ज्यालादारीमा काममा लगाइनेछ। साथै केन्द्रमा आएका इन्टर्न विद्यार्थीहरुलाई समेत विश्लेषण कार्यमा लगाउन सकिने।

- यस शिर्षकमा विनियोजित बजेट Chemicals, Glassware खरिद तथा विश्लेषण कार्यका लागि विज्ञ दैनिक ज्यालादारीमा लिनका लागि खर्च गर्न सकिने।
- प्रयोगशालामा बिग्रिएका मेसिनहरुको मर्मत गराई संचालनमा ल्याउने।
- प्रयोगशालाका उपकरणहरुमा प्रयोगहुने ग्याँसको Refilling, Regulator को मर्मत तथा नयाँ खरिद जस्ता भैपरी आउने कार्य गर्ने।

**कार्यान्वयन प्रकृयाः**

यस केन्द्रले तयार गरेको Protocol अनुरुप लागत अनुमान तयार गरी महानिर्देशकबाट स्वीकृत गराई कार्य संचालन गरिनेछ। यस कार्यक्रमका अन्तर्गत चालु आ.व.मा विनियोजित बजेट रु ७ लाखबाट Chemicals, Glassware, Reagents आदि जस्ता Equipment खरिद गर्ने र बिग्रिएका मेसिनहरुलाई मर्मत गर्ने कार्य तथा Annual Maintenance Contract गरिनेछ।

**अपेक्षित उपलब्धिहरुः**

- यस केन्द्रको माटो प्रयोगशालामा माटो विश्लेषणको लागि आवश्यक Chemicals तथा Glassware खरिद भएको हुने।
- माटो प्रयोगशाला व्यवस्थित रुपमा संचालन भएको हुने।

| | |
|---|---|
| **कार्यक्रम नं** | : २ |
| **क्र.स.नं.** | : २.७.२५.३२३१ |
| कार्यक्रमको नाम | : माटो प्रयोगशालाको एक्रिडिटेसन कार्यको निरन्तरता। |
| विनियोजित बजेटः | : रु. ४,२०,०००\|- |

**पृष्टभुमिः**

माटो प्रयोगशाला विगत केही वर्षदेखि नेपालमा Accreditation प्रदान गर्ने निकाय (AERSSC) बाट Accredited रहँदै आएको छ। Accredited प्रयोगशालाबाट प्राप्त नतिजा विश्वसनीय र अन्तर्राष्ट्रिय रूपमा मान्य हुने भएकाले यसको निरन्तरता अत्यन्त आवश्यक रहेको छ। यसैले प्रयोगशालाको गुणस्तर कायम राख्न तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप सेवा प्रदान गर्न Accreditation कार्यलाई निरन्तरता दिनुपर्ने आवश्यकता देखिएको छ।

**उद्देश्यः**



महानिर्देशक

❖ माटो प्रयोगशालाको ISO/IEC १७०२५:२०१७ अनुसारको Accreditation लाई निरन्तरता दिने।

❖ प्रयोगशालाको परीक्षण प्रणाली, गुणस्तर नियन्त्रण तथा व्यवस्थापन प्रक्रियालाई सुदृढ बनाउने।

**कार्यान्वयन प्रकृया:**

❖ Accreditation प्रदान गर्ने संस्थाबाट नियमित Surveillance Audit गराइनेछ।

❖ प्रयोगशालामा प्रयोग हुने उपकरणहरुको निर्धारित मापदण्ड अनुसार Calibration गरिनेछ।

❖ Accreditation सम्बन्धी आवश्यक कागजात तथा अभिलेखहरू तयार तथा अद्यावधिक गरिनेछ।

❖ प्रयोगशालामा Internal Audit तथा Management Review Meeting सञ्चालन गरिनेछ।

❖ Proficiency Testing (PT) / Inter Laboratory Comparison (ILC) मा सहभागी रहनेछ।

❖ प्रयोगशालाका कर्मचारीहरुलाई Accreditation सम्बन्धी तालिम (स्वदेशी तथा वैदेशिक) प्रदान गरिनेछ।

❖ Certified Reference Materials खरिद गरिनेछ।

❖ आवश्यक परेमा Internal Audit तथा Documentation कार्यका लागि परामर्श सेवा प्रयोग गरिनेछ।

❖ यस कार्यक्रम अन्तर्गत विनियोजित बजेटबाट तालिम, Calibration, Accreditation तथा Surveillance Fee, Internal Audit, Management Review Meeting, PT Participation, Document Preparation, QC Sample खरिद तथा परिक्षण तथा अन्य आवश्यक कार्यमा खर्च गरिनेछ।

**अपेक्षित उपलब्धिहरु:**

❖ माटो प्रयोगशाला ISO/IEC १७०२५:२०१७ अनुसार Accredited अवस्थामै निरन्तर रहनेछ।

❖ प्रयोगशालाको परीक्षण नतिजाको विश्वसनीयता तथा गुणस्तरमा थप सुधार आउनेछ।

❖ प्रयोगशालाको व्यवस्थापन प्रणाली अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप सुदृढ हुनेछ।

कार्यक्रम नं ३

**क.स.नं.** : २.७.७.११३५

कार्यक्रमको नाम : Micro and Macronutrients Analysis of Forest Soil of Chure Region

विनियोजित बजेट : रु. ५,६०,०००।-



महानिर्देशक

**पृष्ठभूमिः**

माटो प्रयोगशालाबाट माटो सम्बन्धी अनुसन्धान कार्यलाई सुदृढ बनाउन चुरे क्षेत्रको वन माटोको विश्लेषण आवश्यक देखिन्छ। उक्त क्षेत्रको माटोमा पाइने Micro तथा Macronutrients को अवस्था अध्ययन गरी वैज्ञानिक आधारमा Protocol तयार गर्न आवश्यक भएको छ, जसले माटो व्यवस्थापन तथा संरक्षणमा सहयोग पुऱ्याउनेछ।

**उद्देश्यः**

- चुरे क्षेत्रको वन माटोमा आवश्यक Macronutrients (N, P, K), pH, Bulk Density, Soil Organic Carbon तथा Micronutrients (Fe, Co, Cu, Zn, Ni) को स्तर निर्धारण गर्ने।
- Organic Matter (जस्तैः Litter fall, Decaying roots आदि) को उपस्थितिले माटोमा पोषकतत्वको उपलब्धतामा पार्ने प्रभावको अध्ययन गर्ने।

**कार्यान्वयन प्रकृयाः**

अनुसन्धान प्रस्ताव तयार गरी सम्बन्धित निकायबाट स्वीकृति प्राप्त गरिनेछ। स्वीकृत प्रस्ताव अनुसार चुरे क्षेत्रबाट माटोको नमूना संकलन गरिनेछ। नमूना विश्लेषणका लागि आवश्यक Chemicals तथा Glassware खरिद गरी प्रयोगशालामा परीक्षण गरिनेछ।

यस कार्यक्रम अन्तर्गत विनियोजित बजेटबाट माटो संकलनका लागि आवश्यक उपकरण, नमूना भण्डारण सामग्री, Chemicals, Glassware, Field Gear खरिद गरिनेछ। साथै दैनिक भ्रमण भत्ता, सवारी साधन भाडा, इन्धन, श्रमिक (ज्यामी/भरिया) खर्च तथा प्रतिवेदन तयारीमा खर्च गर्न सकिनेछ।

अन्तिम रूपमा विश्लेषण परिणामका आधारमा प्रतिवेदन तयार गरिनेछ।

**अपेक्षित उपलब्धिहरुः**

- चुरे क्षेत्रको वन माटोमा रहेका Micro तथा Macronutrients सम्बन्धी वैज्ञानिक तथ्यांक प्राप्त हुनेछ।
- प्राप्त नतिजाका आधारमा माटो विश्लेषण सम्बन्धी उपयुक्त Protocol विकास हुनेछ।
- माटो व्यवस्थापन तथा संरक्षण सम्बन्धी थप अध्ययनका लागि आधार तयार हुनेछ।

**कार्यक्रम नं** : ४

**क.स.नं.** : २.७.७.११३६

कार्यक्रमको नाम : Development of Laboratory Information Management System (LIMS)



महानिर्देशक

विनियोजित बजेट : रु. ५,६०,०००|-

**पृष्ठभूमिः**

माटो प्रयोगशालामा नमूना दर्ता, विश्लेषण, डाटा व्यवस्थापन तथा प्रतिवेदन प्रणालीलाई व्यवस्थित, छिटो तथा विश्वसनीय बनाउन डिजिटल प्रणालीको आवश्यकता महसुस गरिएको छ। हाल प्रयोग भइरहेको म्यानुअल प्रणाली समय खपत हुने, त्रुटिपूर्ण हुन सक्ने तथा डाटा सुरक्षित रूपमा व्यवस्थापन गर्न कठिन हुने भएकाले Laboratory Information Management System (LIMS) विकास तथा कार्यान्वयन अपरिहार्य देखिन्छ।

**उद्देश्यः**

- माटो प्रयोगशालाको सम्पूर्ण कार्यप्रवाहलाई डिजिटल प्रणालीमार्फत व्यवस्थापन गर्ने।
- नमूना दर्ता, ट्र्याकिङ, विश्लेषण तथा प्रतिवेदन प्रणालीलाई छिटो, पारदर्शी र प्रभावकारी बनाउने।
- प्रयोगशालाको डाटा सुरक्षित रूपमा भण्डारण तथा व्यवस्थापन गर्ने।
- ISO/IEC 17025:2017 अनुसार प्रयोगशालाको डकुमेन्टेशन तथा रेकर्ड व्यवस्थापनलाई सुदृढ बनाउने।

**कार्यान्वयन प्रकृयाः**

- LIMS विकासका लागि आवश्यक Requirement Analysis गरी System Design तयार गर्ने।
- प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार Software Development/Procurement प्रक्रिया अगाडि बढाइनेछ।
- आवश्यक परेमा विज्ञ परामर्श सेवा मार्फत Software Development तथा Customization गरिनेछ।
- System Development पछि Testing, Validation तथा Deployment गरिनेछ।
- प्रयोगशालाका कर्मचारीहरुलाई LIMS सम्बन्धि तालिम प्रदान गरिनेछ।
- System Maintenance तथा आवश्यक Upgrade कार्य गरिनेछ।
- यस कार्यक्रम अन्तर्गत विनियोजित बजेटबाट Software Development, Hardware खरिद, तालिम, परामर्श सेवा तथा Maintenance कार्यमा खर्च गर्न सकिनेछ।

**अपेक्षित उपलब्धिहरुः**

- माटो प्रयोगशालामा LIMS प्रणाली सफलतापूर्वक लागू भएको हुनेछ।
- नमूना दर्ता, विश्लेषण तथा प्रतिवेदन प्रणाली छिटो, व्यवस्थित तथा त्रुटिरहित भएको हुनेछ।

❖ प्रयोगशालाको डाटा सुरक्षित तथा सजिलै पहुँचयोग्य भएको हुनेछ।

❖ प्रयोगशालाको समग्र कार्यसम्पादनमा सुधार भई सेवा प्रवाह प्रभावकारी भएको हुनेछ।

**यस कार्यक्रम अन्तर्गत चालु आ.व.मा विनियोजित बजेटको विस्तृत प्रस्ताव बनाई कार्य अगाडी बढाइनेछ।**

**केन्द्रीय वन पुस्तकालय**

| | |
|---|---|
| **कार्यक्रम नं.** | : १ |
| **क्र.स.नं.** | : २.७.५.१२६३ |
| **कार्यक्रमको नाम** | : पुस्तक, पत्र-पत्रिका, ई-जनरल, इ-बुक खरिद गर्ने |
| **बार्षिक बजेट** | : रू २१०,०००। |

**पृष्ठभूमि**

नेपालका सम्पूर्ण वन क्षेत्रको वन स्रोत सर्वेक्षण गरी वन स्रोतसम्बन्धी तथ्याङ्कलाई समयानुकूल रूपमा अध्यावधिक गर्ने महत्वपूर्ण जिम्मेवारी वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र ले निर्वाह गर्दै आएको छ। वन स्रोत सर्वेक्षण, वन व्यवस्थापन तथा वन अनुसन्धानका क्षेत्रमा विश्वव्यापी रूपमा विकसित भइरहेका नवीन प्रविधि, सीप र अनुसन्धान विधिहरूको अध्ययन, विकास, प्रयोग तथा क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम, गोष्ठी र अनुसन्धान कार्यक्रमहरू समेत यस केन्द्रबाट नियमित रूपमा सञ्चालन हुँदै आएका छन्। यी कार्यहरूलाई प्रभावकारी, गुणस्तरीय र प्रमाणमा आधारित बनाउन आवश्यक वैज्ञानिक सूचना तथा सन्दर्भ सामग्रीको सहज उपलब्धताका लागि केन्द्रमा विशिष्ट (Special) पुस्तकालय स्थापना गरिएको हो। विशिष्ट पुस्तकालय भनेको कुनै निश्चित विषय वा सीमित वर्गका प्रयोगकर्ताको सूचना तथा अध्ययन आवश्यकतालाई पूरा गर्ने उद्देश्यले स्थापना गरिएको पुस्तकालय हो, जहाँ संख्यात्मक रूपमा सामग्री कम भए पनि गुणस्तरीय, अद्यावधिक र विषयगत रूपमा विशिष्ट स्रोतहरूको संकलन गरिन्छ। वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको पुस्तकालयले वन विज्ञान, जैविक विविधता, वन व्यवस्थापन, वन स्रोत सर्वेक्षण, भू-स्थानिक प्रविधि (GIS/Remote Sensing), जलवायु परिवर्तन, वन नीति, वातावरण तथा प्राकृतिक स्रोत व्यवस्थापनसँग सम्बन्धित पुस्तक, सन्दर्भ पुस्तक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नल, ई-जर्नल, ई-बुक, अनुसन्धान प्रतिवेदन, प्राविधिक प्रकाशन, थीसिस तथा अन्य डिजिटल स्रोतहरू संकलन र व्यवस्थापन गर्दै अनुसन्धानकर्ता, प्राध्यापक, विद्यार्थी, वन प्राविधिक, नीति निर्माता



महानिर्देशक

तथा अन्य व्यवसायिक व्यक्तिहरूलाई गुणस्तरीय सूचना सेवा प्रदान गर्दै आएको छ। वन विज्ञान तथा प्रविधिको क्षेत्रमा निरन्तर नयाँ ज्ञान, अनुसन्धान र प्रविधिको विकास भइरहेकाले पुस्तकालयका स्रोतहरूलाई अद्यावधिक राख्न नवीन पुस्तक, वैज्ञानिक जर्नल, ई-जर्नल तथा ई-बुकहरूको नियमित खरिद र पहुँच विस्तार गर्नु अत्यावश्यक रहेको छ। यसबाट अनुसन्धान तथा अध्ययनको गुणस्तर अभिवृद्धि हुनुका साथै प्रमाणमा आधारित नीति निर्माण, वन स्रोतको दिगो व्यवस्थापन, प्राविधिक क्षमता विकास तथा अन्तर्राष्ट्रिय स्तरको अनुसन्धानसँग समन्वय कायम गर्न महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

**उद्देश्यहरू:**

- विभिन्न पुस्तक, पत्रिका, जर्नल, ई जर्नल, ई बुक खरिद गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

**१. आवश्यकता पहिचान तथा विवरण संकलन**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र अन्तर्गतका सबै महाशाखा, शाखा तथा सम्बन्धित इकाइहरूबाट आवश्यक पुस्तक, सन्दर्भ ग्रन्थ, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नल, ई-जर्नल, ई-बुक तथा अन्य अध्ययन सामग्रीहरूको आवश्यकता माग गरिनेछ। माग गरिएका सामग्रीहरूको शीर्षक, लेखक, प्रकाशक, संस्करण, प्रकाशन वर्ष, ISBN (उपलब्ध भएमा), अनुमानित मूल्य तथा आपूर्तिकर्ताको विवरण संकलन गरिनेछ।

**२. सूचीको समीक्षा तथा प्राथमिकता निर्धारण**

प्राप्त विवरणहरूको विषयगत सान्दर्भिकता, अनुसन्धान तथा तालिममा उपयोगिता, दोहोरोपन, बजेट उपलब्धता तथा केन्द्रको प्राथमिकताका आधारमा समीक्षा गरी खरिद गर्नुपर्ने पुस्तक तथा अन्य सूचना सामग्रीहरूको प्राथमिकतासहित अन्तिम सूची तयार गरिनेछ।

**३. स्वीकृति प्राप्त गर्ने**

तयार गरिएको खरिद सूची आवश्यक औचित्यसहित वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको व्यवस्थापन/पुस्तकालय समितिमा प्रस्तुत गरी स्वीकृति प्राप्त गरिनेछ।

**४. खरिद प्रक्रिया सञ्चालन**

स्वीकृत सूचीका आधारमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा



महानिर्देशक

भएका प्रावधान तथा प्रचलित आर्थिक नियमअनुसार प्रतिस्पर्धात्मक, पारदर्शी र मितव्ययी ढङ्गबाट खरिद प्रक्रिया सञ्चालन गरिनेछ।

५. **सामग्री प्राप्ति तथा परीक्षण**

खरिद गरिएका पुस्तक तथा अन्य सूचना सामग्रीहरूको संख्या, गुणस्तर, संस्करण तथा प्राविधिक विवरण स्वीकृत विनिर्देशनसँग मिलेको सुनिश्चित गरी आवश्यक परीक्षण तथा स्वीकृति प्रक्रिया पूरा गरिनेछ।

६. **सूचीकरण तथा पुस्तकालय व्यवस्थापन**

प्राप्त पुस्तक, जर्नल तथा डिजिटल स्रोतहरूलाई पुस्तकालयको अभिलेख प्रणालीमा दर्ता, वर्गीकरण, सूचीकरण (Cataloguing) तथा आवश्यक लेबलिङ गरी व्यवस्थित रूपमा संरक्षण गरिनेछ।

७. **सेवा प्रवाह तथा नियमित अद्यावधिक**

पुस्तकालयमा उपलब्ध गराइएका सामग्रीहरू अनुसन्धानकर्ता, प्रशिक्षक, विद्यार्थी तथा वन क्षेत्रका प्राविधिकहरूलाई प्रचलित पुस्तकालय प्रणालीमार्फत अध्ययन तथा सन्दर्भ सेवाका लागि उपलब्ध गराइनेछ। साथै, पुस्तकालयको संग्रहलाई आवश्यकता र नयाँ प्रकाशनका आधारमा नियमित रूपमा अद्यावधिक गरिनेछ।

**अपेक्षित उपलब्धि**

१. वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको पुस्तकालयमा वन, वातावरण, जैविक विविधता, वन स्रोत सर्वेक्षण, भू-स्थानिक प्रविधि, जलवायु परिवर्तन तथा प्राकृतिक स्रोत व्यवस्थापनसँग सम्बन्धित अद्यावधिक पुस्तक, जर्नल, ई-जर्नल, ई-बुक तथा अन्य सन्दर्भ सामग्रीहरूको संग्रह विस्तार हुने।

२. अनुसन्धानकर्ता, वन प्राविधिक, प्रशिक्षक, विद्यार्थी तथा नीति निर्माताहरूलाई आवश्यक गुणस्तरीय तथा अद्यावधिक सूचना स्रोतहरूको सहज पहुँच सुनिश्चित हुने।

३. वन अनुसन्धान, वन स्रोत सर्वेक्षण, तालिम तथा प्राविधिक अध्ययनको गुणस्तर अभिवृद्धि भई प्रमाणमा आधारित अनुसन्धान र निर्णय प्रक्रियालाई सहयोग पुग्ने।

४. वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको विशिष्ट (Special) पुस्तकालयलाई राष्ट्रिय स्तरको सन्दर्भ तथा अनुसन्धान केन्द्रका रूपमा थप सुदृढ बनाउन सहयोग पुग्ने।



महानिर्देशक

५. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रकाशित नवीन वैज्ञानिक ज्ञान, अनुसन्धान उपलब्धि तथा प्रविधिहरूसँग अनुसन्धानकर्ता तथा प्राविधिकहरूको पहुँच विस्तार हुने।

६. पुस्तकालयमा उपलब्ध स्रोतहरूको व्यवस्थित सूचीकरण, अभिलेखीकरण तथा व्यवस्थापन प्रणाली सुदृढ भई पुस्तकालय सेवाको प्रभावकारिता अभिवृद्धि हुने।

७. अनुसन्धान, तालिम तथा क्षमता विकास कार्यक्रमहरूको प्रभावकारिता वृद्धि भई वन क्षेत्रको ज्ञान व्यवस्थापन (Knowledge Management) प्रणाली थप सुदृढ हुने।

८. वन क्षेत्रसँग सम्बन्धित प्रमाणमा आधारित नीति निर्माण, योजना तर्जुमा तथा दिगो वन व्यवस्थापनमा आवश्यक वैज्ञानिक सूचना उपलब्ध भई संस्थागत क्षमता अभिवृद्धि हुने।

**कार्यक्रम नं.** :२

**कार्यक्रम नं.** : २.७.१३.३५

**कार्यक्रमको नाम** : **पुस्तकालयको संरक्षण, सञ्चालन र व्यवस्थापन**

**विनियोजित बजेट** : **रू. ३५०,०००।**

**पृष्ठभूमि**

वि.सं. २०१९ सालमा फरेष्ट रिसोर्स कार्यालयको नामबाट स्थापना भई विभिन्न चरणमा संस्थागत पुनःसंरचना हुँदै वि.सं. २०७५ सालमा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र स्थापना भएपछि यस केन्द्र अन्तर्गत केन्द्रीय वन पुस्तकालय सञ्चालनमा रहेको छ। स्थापना कालदेखि नै यस पुस्तकालयले वन, वातावरण, जैविक विविधता, वन स्रोत सर्वेक्षण, वन व्यवस्थापन, भू-स्थानिक प्रविधि, जलवायु परिवर्तन तथा प्राकृतिक स्रोत व्यवस्थापनसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुस्तक, अनुसन्धान प्रतिवेदन, जर्नल, थेसिस, नक्सा तथा अन्य सन्दर्भ सामग्रीहरूको संकलन, संरक्षण, व्यवस्थापन तथा सूचना सेवा प्रदान गर्दै आएको छ। यस पुस्तकालयले वन क्षेत्रका अनुसन्धानकर्ता, विज्ञ, प्राध्यापक, विद्यार्थी, प्रशिक्षार्थी, वन प्राविधिक तथा नीति निर्माताहरूलाई आवश्यक वैज्ञानिक सूचना उपलब्ध गराई वन क्षेत्रको अध्ययन, अनुसन्धान, वन स्रोत सर्वेक्षण, डाटाबेस विकास, नक्साङ्कन, मापन, प्रविधि विकास तथा क्षमता अभिवृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ।

हाल पुस्तकालयमा रहेका बहुमूल्य पुस्तक, जर्नल, प्रतिवेदन, थेसिस तथा अन्य सन्दर्भ सामग्रीहरू समयक्रमसँगै धुलो, चिस्यान, फफूँदी, दीमक, सिल्भरफिस तथा अन्य किराजन्य प्रकोपका कारण क्षति पुग्ने जोखिम बढ्दै

गएको छ। यस्ता सामग्रीहरू राष्ट्रिय सम्पदाका रूपमा रहेका ज्ञान स्रोत भएकाले तिनको दीर्घकालीन संरक्षण गर्नु अत्यन्त आवश्यक छ। त्यसका लागि पुस्तकालयको नियमित सरसफाइ, स्वच्छ (Clean) र व्यवस्थित (Neat) पुस्तकालय वातावरणको सुनिश्चितता, पुस्तक तथा अभिलेखहरूको वैज्ञानिक संरक्षण, किराजन्य प्रकोप नियन्त्रण, उपयुक्त भण्डारण व्यवस्था तथा संरक्षण सामग्रीको प्रयोग अपरिहार्य भएको छ।

यसका साथै वन विज्ञान तथा प्रविधिको क्षेत्रमा निरन्तर नयाँ ज्ञान, अनुसन्धान तथा प्रविधिको विकास भइरहेकाले पुस्तकालयमा नवीन पुस्तक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नल, ई-जर्नल, ई-बुक तथा अन्य डिजिटल सूचना स्रोतहरूको नियमित संकलन र अद्यावधिक गर्नु आवश्यक छ। यस कार्यक्रमबाट पुस्तकालयको संग्रह सुरक्षित, व्यवस्थित तथा अद्यावधिक भई अनुसन्धान तथा अध्ययनका लागि गुणस्तरीय सूचना सेवाको पहुँच विस्तार हुनेछ। साथै वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको केन्द्रीय वन पुस्तकालयलाई आधुनिक, अनुसन्धानमैत्री तथा ज्ञान व्यवस्थापनको उत्कृष्ट केन्द्रका रूपमा विकास गर्न महत्वपूर्ण आधार तयार हुने अपेक्षा गरिएको छ।

**उद्देश्य**

१. संस्था तथा वन क्षेत्रसँग सम्बन्धित सबै प्रकारका आवश्यक पुस्तक, अनुसन्धान प्रतिवेदन, जर्नल, थीसिस, नक्सा, अभिलेख, डिजिटल सामग्री तथा अन्य सूचना स्रोतहरूको संकलन, अभिलेखीकरण, सूचीकरण, वर्गीकरण, संरक्षण तथा व्यवस्थित व्यवस्थापन गर्ने।

२. अनुसन्धान, अध्ययन, तालिम तथा क्षमता विकास कार्यक्रमहरूलाई सहयोग पुग्ने गरी अनुसन्धानकर्ता, विद्यार्थी, प्रशिक्षार्थी, वन प्राविधिक तथा अन्य सेवाग्राहीलाई गुणस्तरीय पुस्तकालय तथा सूचना सेवा प्रदान गर्ने।

३. पुस्तकालयमा रहेका सम्पूर्ण पुस्तक, जर्नल, प्रतिवेदन, डिजिटल सामग्री तथा अन्य संग्रहहरूको संरक्षण, संवर्द्धन, नियमित अद्यावधिक, किराजन्य प्रकोप नियन्त्रण, सरसफाइ तथा स्वच्छ (Clean) र व्यवस्थित (Neat) पुस्तकालय वातावरण कायम गरी चुस्त– दुरुस्त व्यवस्थापन गर्ने।

४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रकाशित नवीन पुस्तक, वैज्ञानिक जर्नल, ई-जर्नल, ई-बुक तथा अन्य सन्दर्भ सामग्रीहरूको आवश्यकता पहिचान गरी खरिद, सदस्यता तथा पहुँच विस्तारका लागि आवश्यक समन्वय गर्ने।



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

महानिर्देशक

५. पुस्तकालयको स्वचालन (Library Automation), डिजिटल सूची (Catalogue) तथा डिजिटल सूचना व्यवस्थापन प्रणालीको विकास, अद्यावधिक र प्रभावकारी सञ्चालन गर्ने।

६. पुस्तकालय प्रयोगसम्बन्धी नियम, मापदण्ड तथा अभिलेख प्रणालीको कार्यान्वयन गरी पुस्तकको निर्गमन–फिर्ता, अनुगमन तथा वार्षिक भौतिक परीक्षण (Stock Verification) गर्ने।

७. पुस्तकालयका सेवा, स्रोत तथा सुविधाको प्रभावकारी उपयोगका लागि प्रयोगकर्ता अभिमुखीकरण (Library Orientation), सूचना सेवा तथा सन्दर्भ सेवा सञ्चालन गर्ने।

८. पुस्तकालय व्यवस्थापन तथा ज्ञान व्यवस्थापनसँग सम्बन्धित अन्य कार्यहरू प्रचलित कानुन तथा केन्द्रको निर्देशनबमोजिम सम्पादन गर्ने।

कार्यान्वयन प्रक्रिया

१. **पुस्तकालयको प्राविधिक व्यवस्थापन**

पुस्तकालयमा प्राप्त हुने पुस्तक, जर्नल, प्रतिवेदन, थीसिस तथा अन्य सूचना सामग्रीहरूको **Accessioning (दर्ता)**, **Classification (वर्गीकरण)**, **Cataloguing (सूचीकरण)**, **Analytical Cataloguing (विश्लेषणात्मक सूचीकरण)** तथा **End Processing** (लेबलिङ, बारकोडिङ, स्ट्याम्पिङ, स्पाइन लेबलिङ आदि) कार्य अन्तर्राष्ट्रिय पुस्तकालय मापदण्डअनुसार सम्पन्न गरिनेछ।

२. **स्वचालन तथा डिजिटल व्यवस्थापन**

पुस्तकालय व्यवस्थापन प्रणाली (PMB वा KOHA Software) लाई नियमित रूपमा अद्यावधिक गरी पुस्तकालयका सम्पूर्ण स्रोतहरूको डाटा इन्ट्री, डिजिटल क्याटलग (OPAC), Online Database व्यवस्थापन, Automation तथा Digitization कार्य क्रमिक रूपमा सम्पन्न गरिनेछ।

३. **डिजिटल स्रोत विकास**

महत्वपूर्ण प्रतिवेदन, अनुसन्धान प्रकाशन, दुर्लभ दस्तावेज तथा संस्थागत प्रकाशनहरूको डिजिटाइजेशन गरी दीर्घकालीन संरक्षण तथा सहज पहुँचका लागि डिजिटल अभिलेख (Digital Repository) तयार गरिनेछ।

४. **पुस्तकालय संरक्षण तथा व्यवस्थापन**

पुस्तकालयमा रहेका पुस्तक, जर्नल, प्रतिवेदन तथा अन्य सामग्रीहरूको संरक्षणका लागि नियमित



महानिर्देशक

सरसफाइ, कार्पेट तथा फर्निचरको मर्मतसम्भार, आवश्यकता परे कार्पेटिङ, किराजन्य प्रकोप नियन्त्रणका लागि विषादी औषधि प्रयोग, चिस्यान तथा धुलो नियन्त्रण लगायतका संरक्षणसम्बन्धी कार्यहरू सञ्चालन गरिनेछ।

**५. क्षमता विकास तथा अनुभव आदान– प्रदान**

आवश्यकता अनुसार राष्ट्रिय स्तरका उत्कृष्ट पुस्तकालयहरूको अवलोकन भ्रमण, पुस्तकालय व्यवस्थापनसम्बन्धी तालिम तथा अनुभव आदान– प्रदान कार्यक्रम सञ्चालन गरिनेछ। साथै, **पुस्तकालय दिवस** लगायत ज्ञान व्यवस्थापनसँग सम्बन्धित कार्यक्रमहरू आयोजना गरिनेछन्।

**६. खरिद तथा समन्वय**

माथि उल्लिखित कार्यहरू सञ्चालन गर्न आवश्यक पुस्तकालय सामग्री, उपकरण, सफ्टवेयर, संरक्षण सामग्री तथा सेवा खरिद गर्ने कार्य सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम खरिद इकाईसँग समन्वय गरी सम्पन्न गरिनेछ।

**७. कार्यक्रम कार्यान्वयन**

स्वीकृत वार्षिक कार्यक्रम, उपलब्ध बजेट तथा संस्थागत प्राथमिकताका आधारमा आवश्यक कार्यहरू चरणबद्ध रूपमा कार्यान्वयन गरिनेछ। कार्य सम्पन्न भएपछि अभिलेखीकरण, प्रतिवेदन तयारी तथा अनुगमन गरी पुस्तकालय सेवाको गुणस्तरमा निरन्तर सुधार गरिनेछ।

**अपेक्षित उपलब्धीहरू:**

- ❖ वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र अन्तर्गत रहेको केन्द्रीय वन पुस्तकालयलाई व्यवस्थित, आधुनिक, प्रविधिमैत्री तथा अनुसन्धानमुखी पुस्तकालयका रूपमा विकास गर्न आवश्यक आधार तयार हुने।
- ❖ पुस्तकालयमा रहेका पुस्तक, जर्नल, प्रतिवेदन, थीसिस तथा अन्य सूचना सामग्रीहरूको व्यवस्थित संकलन, सूचीकरण, वर्गीकरण, डिजिटाइजेशन तथा अभिलेखीकरण भई सूचना व्यवस्थापन प्रणाली सुदृढ हुने।
- ❖ पुस्तकालय व्यवस्थापन प्रणाली (PMB/KOHA) मार्फत पुस्तकालय सेवाको स्वचालन (Automation) भई सेवाग्राहीलाई छिटो, प्रभावकारी र गुणस्तरीय सेवा प्रवाह गर्न सहज हुने।



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
बबरमहल, काठमाडौं
नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं
महानिर्देशक

- पुस्तकालयमा रहेका बहुमूल्य पुस्तक, प्रतिवेदन तथा अन्य सन्दर्भ सामग्रीहरूको दीर्घकालीन संरक्षण, संवर्द्धन तथा किराजन्य क्षतिबाट सुरक्षा सुनिश्चित हुने।
- वन अनुसन्धान, वन स्रोत सर्वेक्षण, तालिम तथा क्षमता विकास कार्यक्रमका लागि आवश्यक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भ सामग्रीहरूको उपलब्धता र पहुँच अभिवृद्धि हुने।
- अनुसन्धानकर्ता, वन प्राविधिक, प्रशिक्षक, विद्यार्थी तथा अन्य सेवाग्राहीलाई आधुनिक तथा गुणस्तरीय पुस्तकालय सेवा उपलब्ध भई अध्ययन, अनुसन्धान र ज्ञान व्यवस्थापन प्रणाली थप प्रभावकारी हुने।
- पुस्तकालयको भौतिक तथा डिजिटल पूर्वाधार सुदृढ भई संस्थागत ज्ञान (Institutional Knowledge) को संरक्षण, व्यवस्थापन र भावी पुस्ताका लागि सुरक्षित अभिलेखीकरण सुनिश्चित हुने।
- वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको केन्द्रीय वन पुस्तकालयलाई राष्ट्रिय स्तरको **विशिष्ट (Specialized Forestry Library)** तथा वन क्षेत्रको ज्ञान केन्द्र (Knowledge Resource Centre) का रूपमा विकास गर्न महत्वपूर्ण आधार तयार हुने।

**कार्यक्रम नं.** :३

**कार्यक्रम नं.** : २.७.२५.३२४७

**कार्यक्रमको नाम** : Digital Library

**विनियोजित बजेट** : रू. ५६०,०००।

**पृष्ठभूमी**

यस केन्द्रमा रहेको पुस्तकालय एक विशिष्ट (Special) पुस्तकालय हो। वन क्षेत्रसँग सम्बन्धित अनुसन्धानकर्ता, नीति निर्माता, प्राध्यापक, विद्यार्थी, वन प्राविधिक तथा अन्य सरोकारवालाहरूलाई गुणस्तरीय, छिटोछरितो तथा आधुनिक सूचना सेवा उपलब्ध गराउने उद्देश्यले पुस्तकालयलाई क्रमशः डिजिटल पुस्तकालय (Digital Library) को रूपमा विकास गर्न आवश्यक रहेको छ। पुस्तकालयमा रहेका पुस्तक, अनुसन्धान प्रतिवेदन, जर्नल, थीसिस, नक्सा, दुर्लभ प्रकाशन तथा अन्य सन्दर्भ सामग्रीहरूको डिजिटाइजेशन गरी सुरक्षित डिजिटल अभिलेख (Digital Repository) तयार गर्नु आवश्यक छ। साथै, सम्पूर्ण पुस्तकालय सामग्रीहरूको **Cataloguing, Classification, Accessioning, Metadata Entry** तथा **Online Public Access Catalogue (OPAC)** प्रणालीमार्फत व्यवस्थापन गरी प्रयोगकर्ताले कार्यालयभित्र तथा आवश्यकतानुसार अनलाइन माध्यमबाट समेत सूचना स्रोतहरूको खोज,



महानिर्देशक

पहुँच तथा उपयोग गर्न सक्ने व्यवस्था गर्नुपर्ने देखिन्छ। यसका लागि KOHA/PMB जस्ता आधुनिक पुस्तकालय व्यवस्थापन प्रणालीको प्रभावकारी सञ्चालन, डिजिटल डाटाबेसको विकास, नियमित अद्यावधिक तथा ई-पुस्तक (E-Book), ई-जर्नल (E-Journal) र संस्थागत प्रकाशनहरूको डिजिटल व्यवस्थापन अपरिहार्य भएको छ। डिजिटल पुस्तकालयको विकासबाट ज्ञान व्यवस्थापन प्रणाली सुदृढ हुनुका साथै वन अनुसन्धान, वन स्रोत सर्वेक्षण, तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरूलाई थप प्रभावकारी, प्रविधिमैत्री तथा अनुसन्धानमुखी बनाउन महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

**उद्देश्यः**

- पुस्तकालयमा रहेका पुस्तक, जर्नल, अनुसन्धान प्रतिवेदन, थीसिस, नक्सा तथा अन्य सन्दर्भ सामग्रीहरूको Cataloguing, Classification, Digitization तथा Online Database तयार गरी आधुनिक डिजिटल पुस्तकालय सेवा विकास गर्ने।
- पुस्तकालय सेवालाई सूचना प्रविधिमैत्री, छिटोछरितो, व्यवस्थित तथा प्रभावकारी बनाई अनुसन्धानकर्ता, विद्यार्थी, वन प्राविधिक तथा अन्य सेवाग्राहीलाई सहज सूचना पहुँच उपलब्ध गराउने।
- पुस्तकालयमा रहेका बहुमूल्य प्रकाशनहरूको दीर्घकालीन संरक्षण तथा डिजिटल अभिलेखीकरण (Digital Preservation) सुनिश्चित गर्ने।

**कार्यान्वयन प्रक्रियाः**

- पुस्तकालयमा रहेका स्वदेशी तथा विदेशी पुस्तक, जर्नल, अनुसन्धान प्रतिवेदन, थीसिस, नक्सा तथा अन्य सन्दर्भ सामग्रीहरूको क्रमशः Accessioning, Cataloguing, Classification तथा Metadata Entry गरिनेछ।
- आवश्यकताअनुसार पुस्तकालयका सामग्रीहरूको Scanning तथा Digitization गरी डिजिटल स्वरूपमा सुरक्षित गरिनेछ।
- KOHA/PMB पुस्तकालय व्यवस्थापन प्रणालीमा सम्पूर्ण विवरण अद्यावधिक (Data Entry) गरी Online Public Access Catalogue (OPAC) तथा Digital Database तयार गरिनेछ।



महानिर्देशक

- डिजिटाइज गरिएका सामग्रीहरूको सुरक्षित भण्डारण (Digital Repository), नियमित ब्याकअप तथा आवश्यक सुरक्षा व्यवस्थापन गरिनेछ।
- **कार्यान्वयनका लागि आवश्यक उपकरण, सफ्टवेयर तथा सेवा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम खरिद इकाईसँग समन्वय गरी उपलब्ध गराइनेछ।**

अपेक्षित उपलब्धिः

- पुस्तकालयमा रहेका पुस्तक, जर्नल, अनुसन्धान प्रतिवेदन, थीसिस तथा अन्य सन्दर्भ सामग्रीहरूको Digital Database तयार भई व्यवस्थित अभिलेखीकरण हुने।
- पुस्तकालय व्यवस्थापन प्रणाली (KOHA/PMB) मार्फत Cataloguing, Classification तथा खोज (Search) सेवा प्रभावकारी हुने।
- सेवाग्राहीले आवश्यक पुस्तक तथा सूचना स्रोतहरूको विवरण छिटो, सहज र व्यवस्थित रूपमा प्राप्त गर्न सक्ने।
- बहुमूल्य प्रकाशनहरूको डिजिटल संरक्षण (Digital Preservation) भई दीर्घकालीन रूपमा सुरक्षित रहने।
- वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको पुस्तकालयलाई आधुनिक, प्रविधिमैत्री तथा अनुसन्धानमुखी Digital Library का रूपमा विकास गर्न आवश्यक आधार तयार हुने।
- वन अनुसन्धान, वन स्रोत सर्वेक्षण, तालिम तथा ज्ञान व्यवस्थापनका कार्यहरूमा डिजिटल सूचना प्रणालीको प्रभावकारी उपयोग भई सेवा प्रवाहको गुणस्तर अभिवृद्धि हुने।

**अन्य**

**कार्यक्रम नं.** : १

**कार्यक्रम नं.** : २.७.७.१०८६

**कार्यक्रमको नाम** : **वन विज्ञानका विद्यार्थीहरुको लागि ५ महिनासम्मको Internship को व्यवस्था गर्ने**

**विनियोजिन बजेट** : रू. २,७०५,०००।

**पृष्ठभूमी**



नेपाल सरकार वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

महानिर्देशक

वन क्षेत्रको दिगो तथा वैज्ञानिक व्यवस्थापन मार्फत नेपालको विकास र समृद्धिमा योगदान पुर्याउनको साथै वन नीति २०७५ को लक्ष्य तथा उद्देश्यहरु पुरा गर्न वन क्षेत्रको संरक्षण, विकास र उपयोगको लागि शिक्षालाई सीपसँग, सीपलाई उत्पादन र रोजगारीसँग तादम्यता मिलाई मानव संसाधन विकासमा जोड दिनु पर्दछ। वन अनुसन्धान रणनीति, २०७३ र पन्ध्रौ योजना (आ.व. २०७६/७७– २०८०/८१) को आधारपत्रमा वन, जैविक बिबिधता तथा जलाधार क्षेत्रको उद्देस्य र रणनीतिमा वन क्षेत्रसँग सम्बन्धित अनुसन्धान निकाय, विश्वविद्यालय र अन्य संघ/संस्थासँग समन्वय, सहकार्य र साझेदारी गरी वन सम्बन्धि अध्ययन, अनुसन्धान, शोध, जनचेतना र क्षमता अभिवृद्धि गर्ने उल्लेख भएकोमा नेपाल सरकारले आ.व. २०७६/०७७ को वार्षिक कार्यक्रममा वन विज्ञानमा स्नातक तहमा अध्ययनरत विद्यार्थीहरुको लागि इन्टर्नसीपको व्यवस्था गरेर इन्टर्नशिप कार्यक्रम सञ्चालन गर्दै आईरहेको छ। बन सम्बन्धि विश्वविधालय/अध्ययन संस्थान/कलेजमा अध्ययनरत विद्यार्थीलाइ नेपाल सरकारको कार्यालय/कार्यक्रममा संलग्न गराई ब्यबहारिक र ब्यबसायिक अनुभव दिलाउनुको साथै विश्वविधालय/अध्ययन संस्थान/कलेजका बिर्धार्थी मार्फत वन सम्बन्धि ज्ञान, सीप र प्रविधिलाई नेपाल सरकारका कार्यालय तथा कार्यक्रममा प्रयोग गर्न नेपाल सरकारवाट मान्यता प्राप्त र कोर्षमा इन्टर्नको व्यवस्था भएका विश्वविधालय/अध्ययन संस्थान/कलेजका स्नातक तहको अन्तिम वर्षमा अध्ययनरत बिद्यार्थीलाई इन्टर्नको रुपमा परिचालन गरी विद्यार्थीहरुको ब्यबहारिक ज्ञान र अनुभव बढने र सेवा प्रवाहमा सुधार हुने गरी कार्यक्रमलाई व्यवस्थित, प्रभावकारी र उपलब्धिमुलक बनाउन वान्छनीय भएकोले यस आ.व. ०८३/०८४ मा पनि इन्टर्नशिपको व्यवस्था गरिएको छ ।

उद्देश्यः

- वन विज्ञानमा स्नातक तहमा अध्ययनरत विद्यार्थीहरूलाई नेपाल सरकाले फिल्ड स्तरमा सञ्चालन गर्ने कार्यक्रममा संलग्न गराई ब्यबहारिक र ब्यबसायिक अनुभव दिलाउनुको साथै विश्वविधालय/अध्ययन संस्थान/कलेजका बिर्धार्थी मार्फत वन सम्बन्धि ज्ञान, सीप र प्रविधिलाई नेपाल सरकारका कार्यालय तथा कार्यक्रममा प्रयोग गर्ने



महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
बबरमहल, काठमाडौं

### कार्यान्वयन प्रक्रिया

- ❖ वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत वन विज्ञानका विद्यार्थीहरूकालागि इन्टर्नशिपको व्यवस्था गर्ने कार्यक्रम कार्यान्वयन कार्यविधि निर्देशिका २०७६ अनुसारको प्रक्रिया पुरा गरी गरिनेछ ।
- ❖ यस कार्यक्रम सञ्चालनका लागि विभिन्न बैठकहरु आयोजना गर्नुपर्ने हुन्छ । बैठक भत्ता, खाजा, यातायात, तथा फिल्ड अनुगमनका लागि यातायात तथा भ्रमण खर्च, स्टेशनरी आदि लगायत इन्टर्नहरुको तलब भत्ता आदिमा यस कार्यक्रम तर्फको बजेट खर्च हुनेछ ।

### अपेक्षित उपलब्धिहरुः

- ❖ वन विज्ञानमा स्नातक तहमा अध्ययनरत विद्यार्थीहरूले फिल्ड स्तरमा सञ्चालन गर्ने कार्यक्रममा संलग्न गराई ब्यबहारिक र ब्यबसायिक अनुभव प्राप्त गरेका हुने छन् साथै विश्वविधालय/अध्ययन संस्थान/कलेजका बिर्द्यार्थी मार्फत वन सम्बन्धि ज्ञान, सीप र प्रविधिलाई नेपाल सरकारका कार्यालय तथा कार्यक्रममा प्रयोग हुनेछ ।

**कार्यक्रम नं.** : २

**कार्यक्रम नं.** : २.७.७.१०८५

**कार्यक्रमको नाम** : **वनको जानकारी जर्नलको प्रकाशन तथा वितरण गर्ने (३ Volume)**

**विनियोजिन बजेट** : रू. ३,५०,०००

### पृष्ठभूमि

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले सन् १९८७ देखि निरन्तर रूपमा वनको जानकारी (Banko Janakari: A Journal of Forestry Information for Nepal) नामक जर्नल प्रकाशन गर्दै आएको छ, जुन हाल अन्तर्राष्ट्रिय स्तरमा SCOPUS डाटाबेसमा समेत सूचीकृत रहेको छ। यस जर्नलले केन्द्रले गर्ने अध्ययन-अनुसन्धानका साथै विश्वविद्यालयका स्नातकोत्तर/विद्यावारिधी विद्यार्थी तथा अन्य राष्ट्रिय-अन्तर्राष्ट्रिय अनुसन्धानकर्ताका वैज्ञानिक लेखहरू प्रकाशन गर्दै आएको छ, जसले नेपाली अनुसन्धानकर्ताहरूलाई आफ्नै देशको गुणस्तरीय जर्नलमा प्रकाशनको अवसर प्रदान गर्दछ। बढ्दो लेख संख्या तथा गुणस्तर सुनिश्चितताको आवश्यकतालाई दृष्टिगत गर्दै चालु आर्थिक वर्षमा वनको जानकारी जर्नलको ३ Volume प्रकाशन तथा वितरण गर्ने व्यवस्था गरिएको हो।



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

महानिर्देशक

तथापी एक वर्षमा प्रकाशन हुने भोल्यूम सङ्ख्यालाई औचित्य तथा समय सापेक्षताका आधारमा पुनरावलोकन गर्न सकिनेछ।

कार्यान्वयन प्रक्रिया

लेख संकलन इमेल तथा NepJOL Platform मार्फत गरिनेछ। प्राप्त लेखहरू मापदण्ड अनुरूप भए नभएको प्रारम्भिक परीक्षण गरी मापदण्ड पुगेका लेखहरू दुई वा तीन जना पुनरावलोकनकर्ता (Reviewer) बाट Peer Review गराइनेछ। पुनरावलोकनकर्ताको टिप्पणी समावेश गरी लेखकलाई सुधारका लागि फिर्ता पठाइनेछ; प्रकाशन योग्य ठहरिएका लेखहरूको Plagiarism परीक्षण गराई सम्पादक मण्डलबाट स्वीकृत गराइनेछ। स्वीकृत लेखहरूको अंग्रेजी सम्पादन गरी डिजाइनका लागि पठाइनेछ र विद्युतीय माध्यमबाट प्रकाशन गरिनेछ। सार्वजनिक खरिद ऐन/नियमावली अनुसार छपाई प्रक्रिया अगाडि बढाई प्रकाशन गरिनेछ तथा वितरणका लागि राखिनेछ। जर्नलको गुणस्तर अभिवृद्धिका लागि प्रमुख सम्पादक, सम्पादक मण्डल, सदस्य-सचिव तथा अंग्रेजी सम्पादक रहने व्यवस्था पूर्ववत् कायम रहनेछ। आवश्यकता र औचित्यका आधारमा यो कार्यक्रम वन तथा वातावरण क्षेत्रसँग सम्बन्धित विश्वविद्यालय वा अनुसन्धान संस्थाका विज्ञहरूलाई पुनरावलोकनकर्ता/सम्पादकीय सहयोगका रूपमा प्राविधिक सहकार्यमा समेत सञ्चालन गर्न सकिनेछ। यस कार्यक्रम अन्तर्गत विनियोजित बजेटबाट प्रकाशन, मसलन्द सामग्री खरिद, आवश्यक स्टेशनरी खरिद, भत्ता, पारिश्रमिक तथा म्यानेजिङ इडिटर, प्रमुख इडिटर लगायत सम्पादकीय मण्डलका लागि जर्नल व्यवस्थापनका लागि आवश्यक सामग्री खरिद गर्न सकिनेछ।

अपेक्षित उपलब्धि

वनको जानकारी जर्नल गुणस्तरीय रूपमा प्रकाशन तथा वितरण हुनेछ, जसबाट नीति निर्माता, अनुसन्धानकर्ता तथा विद्यार्थीहरू लाभान्वित हुने र जर्नलको राष्ट्रिय-अन्तर्राष्ट्रिय मान्यता थप सुदृढ हुनेछ।

| | |
|---|---|
| कार्यक्रम नं. | :३ |
| क्र.स.नं. | : २.७.७.५९४ |
| कार्यक्रमको नाम | : तरहरा, हेटौडा, बुटवल, सुर्खेत, धनगढी, काभ्रे, प्युठानस्थित अनुसन्धान एकाई, अनुसन्धान प्लट तथा बीउ उत्पादन क्षेत्र तथा वन बीउ बगैंचाहरुको संरक्षण/व्यवस्थापन गर्ने। |



महानिर्देशक

बार्षिक बजेट : रू. ५६०,०००।

**पृष्ठभूमि**

नेपालको वन क्षेत्रसंग सम्बन्धित अध्ययन, अनुसन्धान, सर्वेक्षण साथै प्रशिक्षण कार्य गर्दै आएको वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले देशका विभिन्न स्थानमा स्थापित अनुसन्धान इकाई/प्लट र नर्सरीहरुको संरक्षण गरी संकलित तथ्याङ्कका आधारमा विभिन्न प्रतिवेदनहरु प्रकाशित गर्दै आएको हुदाँ यस्ता अध्ययन अनुसन्धान प्लटहरु तथा विभिन्न स्थानमा रहेका संरचनाहरुको संरक्षण गर्नु पर्ने आवश्यकता रहेको तर स्थानहरुमा संरक्षण गर्न स्थायी जनशक्ति केन्द्रमा कार्यरत नभएकोले नेपाल सरकारको आर्थिक निति नियमको परिधिमा रही विगतका बर्ष देखिनै हेरालु (ज्यामी) मार्फत संरक्षण, व्यवस्थापन हुँदै आएकोमा यस आ.व २०८३/०८४ मा समेत हेरालु (ज्यामी) लाई आवश्यकता अनुसार व्यवस्थापनमा खटाइने छ। यसका अलवा विनियोजित रकम अनुसन्धान इकाई/प्लटमा आवश्यकता बमोजिम अध्ययन/अनुसन्धानमा समेत प्रयोग गर्न सकिनेछ। प्रचलित कानुन, नर्म्स र बजार दर रेट प्रयोग गरी लागत अनुमान र प्रोटोकल तयार गरी स्वीकृत गराई यो कार्य सम्पन्न गरिने छ। यस कार्यको लागि विनियोजित बजेट दैनिक ज्यामी हेरालुको पारिश्रमिक, दैनिक तथा भ्रमण भत्ता, सवारी साधान भाडा, इन्धन तथा विविध कुराहरुमा आवश्यकता अनुसार खर्च गर्न सकिनेछ।

**कार्यान्वयन प्रक्रिया**

अनुसन्धान इकाई/प्लटहरु र नर्सरीहरु संरक्षण तथा संचालन गर्न आवश्यक जनशक्तिहरुको (हेरालु) वार्षिक रुपमा आंकलन गरिने छ | साथै ती स्थानहरुमा गरिने अध्ययन/अनुसन्धानका कार्यहरु समेत निर्क्योल गरिने छ। हेरालुहरुलाई श्रम कानूनले तोकेको न्युनतम मासिक पारिश्रमिक उपलब्ध गराउने गरी सेवा करार मार्फत दैनिक ज्यालादारीमा काम काज गर्नका लागि राखिनेछ। यसरी आवश्यक स्थानमा हेरालुको व्यवस्था गरी मासिक रुपमा हाजिरी प्रमाणित गरी तलब समेत व्यवस्था गरिनेछ। यसका अलावा आवश्यकता अनुसार केन्द्रका कर्मचारीलाई पनि संरक्षण/व्यवस्थापनमा प्रयोग गरिने छ साथै अनुसन्धान प्लट वा नर्सीरहरुमा अध्ययन/अनुसन्धान (नाप, जांच, सर्वेक्षण) का कामहरु समेत गरिनेछ। अध्ययन/अनुसन्धानका कार्यहरु गर्न प्रोटोकल स्वीकृत गरी प्रचलित नर्म्स र बजार दररेट अनुसार लागत अनुमान स्वीकृति गरी यो कार्य सम्पन्न गरिने छ। यस कार्यको लागि विनियोजित बजेट हेरालुको पारिश्रमिक, कर्मचारीहरुको दैनिक तथा भ्रमण भत्ता, सवारी साधान भाडा, इन्धन, अध्ययन अनुसन्धानमा आवश्यकता अनुरुप खर्च गरिने छ ।



महानिर्देशक

अपेक्षित उपलब्धि

- ❖ अनुसन्धान इकाई/पल्टहरुको संरक्षण हुने।
- ❖ अनुसन्धान इकाई/पल्टहरुको आवश्यक बमोजिमको व्यवस्थापन हुने।
- ❖ नेपालको वन क्षेत्रमा दीर्घकालीन अध्ययन/अनुसन्धानमा आधारभूतरूपमा स्थानको व्यवस्था हुने र टेवा पुर्याउने।



महानिर्देशक

## केन्द्रीय वन तालीम तथा प्रसार केन्द्र (३१२११०११)

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र अन्तर्गत वन प्रशिक्षण तथा प्रसार महाशाखा मार्फत प्रशिक्षण लगायतका विभिन्न कृयाकलापहरू निम्न बमोजिम सञ्चालन हुनेछन् । वार्षिक विनियोजित बजेटबाटै व्यवस्थापन हुने गरी प्रत्येक क्रियाकलापका सहभागीहरूलाई नियमानुसार उपलब्ध गराईने स्टेशनरी जस्तैः नोटबुक, बलपेन, आदि तथा प्रमाणपत्र राख्ने फाइलफोल्डरमा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको परिचयात्मक प्रचार प्रसार हुने गरी छपाईको कार्य गर्न सकिनेछ । लामो अवधिको सेवाकालीन तालिम वा अन्य केही तालिममा सहभागीहरूलाई स्टेसनरी नपुग हुने अवस्थामा विविध शीर्षकबाट स्टेसनरीको वजेट व्यवस्था गर्न सकिनेछ । यस महाशाखा अन्तर्गतका केहि क्रियाकलापहरू विनियोजित बजेटको परिधि भित्र रहि आवश्यकता र औचित्यताको आधारमा अन्य जिल्ला तथा प्रदेशहरूमा समेत सञ्चालन गर्न सकिनेछ । त्यसैगरी विनियोजित बजेटको परिधि भित्र रहि आवश्यकता र औचित्यताको आधारमा केहि क्रियाकलापहरू सेवाप्रदायक मार्फत सञ्चालन गर्न वा नियमानुसार अन्य सरकारी वा गैह्रसरकारी संस्थासँग समेत सहकार्य गर्न सकिनेछ ।

### वन प्रशिक्षण शाखा

**कार्यक्रम नं.** :१

**क्र. सं. नं.** : १२.६.१.८९८

**कार्यक्रमको नाम** : विकास र संरक्षणका लागि व्यवस्थापन तालिम (सेवाकालीन) नेपाल वन सेवा, रा. प. तृतीय श्रेणी वा सो सरहका कर्मचारी २४ जनाको लागि

**विनियोजित बजेट** : रु. ३१,१२,०००।–

**पृष्ठभूमिः**

नेपाल वन सेवा, राजपत्राङ्कित तृतीय श्रेणी तथा प्रदेश वन सेवा (सातौं/आठौं तह) का कर्मचारीहरूको तह वा स्तरवृद्धिका लागि स्वीकृत पाठ्यक्रमबमोजिम **"विकास र संरक्षणका लागि व्यवस्थापन"** सेवाकालीन तालिम सञ्चालन गरिनेछ। वन क्षेत्रको दिगो विकास र संरक्षण एकअर्काका परिपूरक पक्ष हुन् भन्ने अवधारणालाई आत्मसात् गराउँदै सहभागीहरूमा आवश्यक ज्ञान, सीप, कार्यदक्षता तथा सकारात्मक व्यवहारगत परिवर्तन

ल्याउनु यस तालिमको मुख्य उद्देश्य हो। साथै, सहभागीहरूलाई दिगो वन व्यवस्थापन, वन तथा वातावरणसम्बन्धी समसामयिक विषय, वन क्षेत्रसँग सम्बन्धित आयोजना तथा परियोजनाको पहिचान, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, सुशासन, सार्वजनिक प्रशासन तथा सेवा प्रवाहसँग सम्बन्धित ज्ञान र सीप प्रदान गरी कार्यसम्पादन क्षमता अभिवृद्धि गर्ने उद्देश्यले यो तालिम सञ्चालन गरिनेछ। यस तालिमले सहभागी कर्मचारीहरूको पेशागत दक्षता, नेतृत्व क्षमता तथा वृत्ति विकासमा सहयोग पुऱ्याउनुका साथै तह वा स्तरवृद्धिका लागि आवश्यक शैक्षिक तथा व्यावसायिक योग्यतामा समेत योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

**कार्यक्रमं सञ्चालन विधिः**

विकास र संरक्षणका लागि व्यवस्थापन सेवाकालीन तालिम सञ्चालन गर्न सर्वप्रथम त्रैमासिक विभाजन अनुसार मिति तय गरी सहभागी छनौट विधि लगायतका सम्पूर्ण प्रक्रिया सहितको प्रस्ताव तथा आवश्यक खर्चको लागत अनुमान तयार गरि नियमानुसार स्वीकृत गरिनेछ । प्रस्ताव अनुसार प्रभावकारी तालिम सञ्चालनका लागि तालिम अवधिभरी तालिम संयोजक, सहसंयोजकहरु तोकिने एवं तालिम व्यवस्थापन समिति समेत गठन गरिनेछ ।

**कार्यान्वयन प्रक्रियाः**

तालिमका प्रशिक्षक तथा तालिम अवधिभर तालिम व्यवस्थापनमा खटिने कर्मचारीहरुका लागि खाजा, खाना, यातायात, इन्धन आदि कार्य सञ्चालन निर्देशिका २०८१ बमोजिम व्यवस्थापन गरिनेछ । संयोजक र सह-संयोजकहरुलाई सञ्चार शुल्क उपलब्ध गराईनेछ । तालिम पूर्व तयारी र मूल्याङ्कनका लागि गठित समितिको सेवा सुविधाको हकमा विकास र संरक्षणका लागि व्यवस्थापन तालिम म्यानुअल, २०७९ वमोजिम हुनेछ । विकास र संरक्षणका लागि व्यवस्थापन तालिम म्यानुअल, २०७९ को वुदाँ नं.१.६ मा व्यवस्था भए वमोजिम सह-संयोजकहरुलाई अर्थ मन्त्रालयको चालु कार्य सञ्चालन निर्देशिकामा व्यवस्था भए अनुसार संयोजक भत्ता उपलब्ध गराईनेछ।

विकास र संरक्षणका लागि व्यवस्थापन तालिम म्यानुअल, २०७९ को खण्ड पाँच (स्थलगत अध्ययन र प्रतिवेदन तयारी) मा सहजीकरण गर्ने वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, वन प्रशिक्षण तथा प्रसार महाशाखाका कर्मचारीहरुलाई आवश्यकता अनुसार फिल्ड गियर तथा आवश्यक सामाग्री उपलब्ध गराउँनुका साथै नियमानुसार दैनिक भ्रमण भत्ता र यातायात खर्च समेत उपलब्ध गराईनेछ ।फिल्डकार्यको लागि स्वीकृत नर्म्स अनुसार सवारी साधन भाडामा लिईनेछ ।

म्यानुअलको खण्ड-पाँच बमोजिम सहभागीहरुको प्रस्तुतिकरण मूल्याङ्कन गर्दा मूल्याङ्कनकर्ताहरुलाई १ सत्र बराबरको पारिश्रमिक उपलब्ध गराईनेछ । तालिमका सहभागीहरुलाई नियमानुसार दैनिक भ्रमण भत्ता, सहभागिता भत्ता, यातायात खर्च, खाजा र आवश्यक तालिम सामाग्रीहरु जस्तैः झोला, पेनड्राइभ, टिसर्ट, टोपी, आदि उपलब्ध गराईनेछ । तालिम सञ्चालनका लागि अत्यावश्यक औजार, तालिम कोठाको भौतिक सुधार तथा लजिस्टिक व्यवस्थापनमा समेत यस शीर्षकको खर्च गर्न सकिनेछ ।

प्रत्येक खण्डको प्रश्नपत्र तयारी गरे बापत १ सत्र र उत्तर पुस्तिका जाँच गरे बापत २ सत्र बराबरको पारिश्रमिक उपलब्ध गराईनेछ । तालिम कार्यसम्पन्न प्रतिवेदनका साथ संलग्न भर्पाइ, भ्रमण एवं खरिद बिल लगायत तालिम सञ्चालनका क्रममा नियमानुसार तयार भएका कागजातका आधारमा भुक्तानी हुनेछ ।

**जनशक्तिः**

विकास र संरक्षणका लागि व्यवस्थापन तालिम सञ्चालन गर्दा वन अनुसन्धा तथा प्रशिक्षण केन्द्र, वन प्रशिक्षण तथा प्रसार महाशाखाका प्रमुख, वरिष्ठ तालिम अधिकृत, तालिम अधिकृतहरू, ड्राइभर तथा कार्यालय सहयोगीहरू प्रत्यक्ष रूपमा खटिनेछन् । साथै तालिमको विभिन्न चरणमा आवश्यकता अनुसार वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र लगायत अन्य निकायका कर्मचारीहरूको सहयोग लिइनेछ । विकास र संरक्षणका लागि व्यवस्थापन तालिम म्यानुअल, २०७९ अनुसार तालिमका सत्रहरू सञ्चालनका लागि विभिन्न विषयका विज्ञहरुलाई आमन्त्रणा गरिनेछ ।

**अपेक्षित उपलब्धिः**

यस तालिमममा सहभागी हुने जिल्ला, प्रदेश र संघ अन्तर्गतका निकायहरूको संस्थागत विकास तथा २४ जना सहभागी कर्मचारीहरू यस तालिमबाट प्राप्त प्रशासन तथा व्यवस्थापन, वन क्षेत्रको दिगो व्यवस्थापन लगायत वन क्षेत्रसँग सम्बन्धित विषयवस्तुमा दक्षताका साथ प्रभावकारी सार्वजनिक सेवा प्रवाह गर्न सक्षम भएका हुनेछन् । साथै यस तालिमबाट कर्मचारीको व्यक्तिगत वृत्ति विकासमा समेत मद्दत पुगेको हुनेछ ।

**छोटो अवधिका तालिमहरुः**

चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम अनुसार केन्द्रीय वन तालिम तथा प्रसार केन्द्र (३१२११०११) खर्च शीर्षक २२५११ अन्तर्गत देहाय बमोजिमका छोटो अवधिका तालिमहरू सञ्चालित हुनेछन् ।

कार्यक्रम नं. : २

क.सं.नं. :२.६.२.२८७

कार्यक्रमको नाम : Gender audit training

विनियोजित बजेट : रू. १,८०,००० ।-

कार्यक्रम नं. : ३

क.सं.नं : २.६.१.९४६

कार्यक्रमको नाम : सार्वजनिक खरिद व्यवस्थापन सम्बन्धि तालिम

विनियोजित बजेट : रू.३,६०,००० ।-

कार्यक्रम नं. : ४

क.सं.नं :२.६.१.९९८

कार्यक्रमको नाम :वन क्षेत्रमा विपद व्यवस्थापन तालिम (Forest fire, Rescue, Human Wildlife Conflict, etc.)

विनियोजित बजेट: :रू. ४,४८,००० ।-

कार्यक्रम नं. : ५

क.सं.नं : २.६.१.१००२

कार्यक्रमको नाम : Artificial Intelligence क्षमता अभिवृद्धि तालिम (२ पटक)

विनियोजित बजेट : रू. ९,००,००० ।-

कार्यक्रम नं. : ६

क.सं.नं :२.६.१.९९६

कार्यक्रमको नाम : Advance Data Analysis Training for Researcher

विनियोजित बजेट :रू.३,६०,००० ।-

कार्यक्रम नं. : ७

क.सं.नं : २.६.१.९९७

कार्यक्रमको नाम : GIS/Remote sensing सम्बन्धी (Drone, Sepal) तालिम



महानिर्देशक

विनियोजित बजेट : रू. ९०,००० ।-

कार्यक्रम नं. : ८

क.सं.नं :२.६.१.१००१

कार्यक्रमको नाम : R/Python/Machine learning सम्बन्धि क्षमता विकास तालिम

विनियोजित बजेट : रू. ४,५०,००० ।-

**पृष्ठभूमिः**

वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायहरूको संस्थागत लक्ष्य तथा उद्देश्य प्राप्ति गर्न तहाँ कार्यरत विभिन्न तहका कर्मचारीहरुको व्यक्तिगत ज्ञान, सीप र क्षमता अभिवृद्धिका लागि माथि उल्लेखित विभिन्न किसिमका छोटो अवधिका तालिमहरु सञ्चालन गरिनेछ ।

**कार्यक्रम सञ्चालन विधिः**

छोटो अवधिका तालिमहरू सञ्चालन गर्न सर्वप्रथम प्रत्येक तालिमका लागि त्रैमासिक विभाजन अनुसार मिति तय गरी सहभागी छनौट विधि लगायतका सम्पूर्ण प्रक्रिया सहितको प्रस्ताव तथा आवश्यक खर्चको लागत अनुमान तयार गरि नियमानुसार स्वीकृत गरिनेछ । प्रस्ताव अनुसार प्रभावकारी तालिम सञ्चालनका लागि तालिम अवधिभरी तालिम संयोजक, सहसंयोजक तोकिने एवं तालिम व्यवस्थापन समिति समेत गठन गरिनेछ ।

**कार्यान्वयन प्रक्रियाः**

छोटो अवधिका तालिम सञ्चालन गर्दा लागत अनुमान बमोजिम खरिद गर्नुपर्ने सम्पूर्ण तालिम सामाग्रीहरू नियमानुसार खरिद गरी सहभागीहरुलाई आवश्यक स्टेशनरी तथा तालिम सामाग्रीहरु जस्तैः नोटबुक, कलम, झोला, पेनड्राइभ, आदि उपलब्ध गराईनेछ । त्यसैगरी सहभागीहरूलाई नियमानुसार दैनिक भ्रमण भत्ता, सहभागिता भत्ता,यातायात खर्च उपलब्ध गराईनेछ । तालिमका सहभागी, संयोजक, सहसंयोजक, तालिम व्यवस्थापन समितिका पदाधिकारी लगायत तालिममा प्रत्यक्ष खटीने कर्मचारीहरूकालागि खाजाको व्यवस्थापन गरिनेछ । सहभागी तथा सम्बन्धित निकायहरूमा सम्पर्क एवं समन्वय गर्न संयोजक र सह-संयोजकका लागि सञ्चार शुल्क उपलब्ध गराईनेछ । स्थलगत अभ्यासका लागि जानु पर्ने तालिमहरुमा वन प्रशिक्षण तथा प्रसार महाशाखाका कर्मचारीहरुलाई नियमानुसार फिल्ड गियर तथा अन्य आवश्यक सामाग्री, स्थलगत अभ्यासमा खटीने कर्मचारीहरूलाई दैनिक भ्रमण भत्ता र यातायात खर्च समेत उपलब्ध गराईनेछ । फिल्ड कार्यको लागि स्वीकृत



महानिर्देशक

नर्म्स अनुसार सवारी साधन भाडामा लिईनेछ । तालिम कार्यसम्पन्न प्रतिवेदनका साथ संलग्न भर्पाइ, भ्रमण एवं खरिद बिल लगायत तालिम सञ्चालनका क्रममा नियमानुसार तयार भएका कागजातका आधारमा भुक्तानी हुनेछ । तालिम सञ्चालनका लागि अत्यावश्यक उपकरणहरू, तालिम कोठाको भौतिक सुधार तथा लजिस्टिक व्यवस्थापनमा समेत यस शीर्षकको खर्च गर्न सकिनेछ ।

**जनशक्तिः**

छोटो अवधिका तालिम सञ्चालन गर्दा वन प्रशिक्षण तथा प्रसार महाशाखाका प्रमुख, वरिष्ठ तालिम अधिकृत, तालिम अधिकृतहरू, ड्राइभर तथा कार्यालय सहयोगीहरू प्रत्यक्ष रूपमा खटिनेछन् । साथै तालिमको विभिन्न चरणमा आवश्यकता अनुसार वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र लगायत अन्य निकायका कर्मचारीहरूको सहयोग लिइनेछ । तालिमका सत्रहरू सञ्चालनका लागि विभिन्न विषयका विज्ञहरुलाई आमन्त्रणा गरिनेछ ।

**अपेक्षित उपलब्धिः**

वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायहरूको संस्थागत तथा कार्यरत कर्मचारीहरुको व्यक्तिगत ज्ञान, सीप र क्षमता अभिवृद्धि तथा वृत्ति विकास भएको हुनेछ ।

**कार्यक्रम नं.** : ९

**क्र.सं.नं** :२.६.१.१००४

**कार्यक्रमको नाम** : सहसचिव/ उपसचिवलाई वार्ता सिप सम्बन्धि तालिम (२ पटक)

**विनियोजित बजेट** : रु. ९,००,००० ।-

**पृष्ठभूमि**

नेपाल वन सेवामा कार्यरत सहसचिव, उपसचिव तथा अधिकृतहरूले वन, वातावरण तथा जलवायु परिवर्तनसँग सम्बन्धित नीति निर्माण, कार्यक्रम सञ्चालन, अन्तरसरकारी समन्वय, अन्तर्राष्ट्रिय सहयोग, विकास साझेदारहरूसँगको सहकार्य तथा विभिन्न सरोकारवालाहरूसँग निरन्तर वार्ता र छलफल गर्नुपर्ने हुन्छ। संघीय शासन प्रणाली लागू भएसँगै संघ, प्रदेश तथा स्थानीय तहबीचको समन्वय, अन्तरमन्त्रालय सहकार्य, निजी क्षेत्र, समुदाय तथा विकास साझेदारहरूसँग प्रभावकारी संवाद र सहकार्यको आवश्यकता झनै बढेको छ।

नेपालले जैविक विविधता संरक्षण, REDD+, जलवायु परिवर्तन, वन व्यवस्थापन, हरित विकास तथा दिगो विकास लक्ष्य (SDGs) लगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू पूरा गर्न विभिन्न राष्ट्रिय, क्षेत्रीय तथा

अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको तर्फबाट प्रभावकारी रूपमा आफ्नो धारणा प्रस्तुत गरी राष्ट्रिय हितअनुकूल सहमति निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ। यस्ता मञ्चहरूमा सफल सहभागिताका लागि प्राविधिक ज्ञानसँगै प्रभावकारी वार्ता, छलफल, सहमति निर्माण, द्वन्द्व व्यवस्थापन तथा निर्णय लिने क्षमता अपरिहार्य हुन्छ।

यस परिप्रेक्ष्यमा नेपाल वन सेवामा कार्यरत सहसचिव, उपसचिव तथा अधिकृतहरूको वार्ता सिप, कूटनीतिक संवाद, नेतृत्व तथा सहकार्य क्षमता अभिवृद्धि गरी नीति निर्माण, कार्यक्रम कार्यान्वयन तथा अन्तरसंस्थागत समन्वयलाई अझ प्रभावकारी बनाउने उद्देश्यले यो **"वार्ता सिप सम्बन्धी तालिम"** आयोजना गर्न प्रस्ताव गरिएको हो।

**तालिमको आवश्यकता**

यस तालिमबाट सहभागीहरूमा देहायका क्षमताहरूको विकास हुने अपेक्षा गरिएको छः

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको तर्फबाट प्रभावकारी वार्ता सञ्चालन गर्ने क्षमता विकास।
- मन्त्रालय, विभाग, प्रदेश, स्थानीय तह तथा अन्य निकायबीच समन्वय र सहकार्य सुदृढीकरण।
- नीति निर्माण, कार्यक्रम कार्यान्वयन तथा स्रोत परिचालनका क्रममा सहमति निर्माण गर्ने क्षमता अभिवृद्धि।
- विकास साझेदार, दातृ निकाय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग परिणाममुखी संवाद तथा साझेदारी विस्तार।
- द्वन्द्व व्यवस्थापन, समस्या समाधान तथा निर्णय प्रक्रियालाई प्रभावकारी बनाउने।
- सार्वजनिक सेवा प्रवाह, सुशासन तथा संस्थागत कार्यसम्पादनमा गुणस्तरीय सुधार ल्याउने।
- सरकारका नीति, योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहयोग पुऱ्याउने।

**मुख्य उद्देश्य**

नेपाल वन सेवामा कार्यरत सहसचिव, उपसचिव तथा अधिकृतहरूको वार्ता, छलफल, सहमति निर्माण तथा कूटनीतिक संवादसम्बन्धी क्षमता अभिवृद्धि गरी सरकारका नीति, योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा सहयोग पुऱ्याउनु।



महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
बबरमहल, काठमाडौं

## विशिष्ट उद्देश्यहरू

१. प्रभावकारी वार्ता (Negotiation) का सिद्धान्त, प्रक्रिया तथा रणनीतिबारे ज्ञान अभिवृद्धि गर्नु।

२. विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा वार्ता सञ्चालन गर्ने व्यावहारिक सीप विकास गर्नु।

३. सहमति निर्माण, द्वन्द्व व्यवस्थापन तथा समस्या समाधानका आधुनिक प्रविधिहरूमा दक्षता अभिवृद्धि गर्नु।

४. नेतृत्व, प्रभावकारी सञ्चार तथा प्रस्तुतीकरण क्षमता विकास गर्नु।

५. विकास साझेदार, निजी क्षेत्र, समुदाय तथा सरोकारवालासँग परिणाममुखी संवाद र सहकार्य गर्ने क्षमता विकास गर्नु।

६. वन तथा वातावरण क्षेत्रका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति, कार्यक्रम तथा परियोजनाको प्रभावकारी कार्यान्वयनमा सहयोग पुऱ्याउने वार्ता सीप विकास गर्नु।

७. सहभागीहरूलाई आफ्नो कार्यक्षेत्रमा वार्ता र संवादमार्फत प्रभावकारी निर्णय, समन्वय तथा संस्थागत कार्यसम्पादनमा योगदान गर्न सक्षम बनाउनु।

## कार्यान्वयन प्रक्रिया

तालिम सञ्चालनका लागि स्वीकृत लागत अनुमान तथा प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली र आर्थिक कार्यविधिअनुसार आवश्यक तालिम सामग्रीहरू खरिद गरिनेछ। सहभागीहरूलाई आवश्यक स्टेशनरी तथा तालिम सामग्रीहरू, जस्तैः नोटबुक, कलम, झोला, पेनड्राइभ लगायतका सामग्री उपलब्ध गराइनेछ।

सहभागीहरूलाई प्रचलित नियमबमोजिम दैनिक भ्रमण भत्ता, सहभागिता भत्ता तथा यातायात खर्च उपलब्ध गराइनेछ। साथै, तालिमका सहभागी, संयोजक, सहसंयोजक, तालिम व्यवस्थापन समितिका पदाधिकारी तथा तालिम सञ्चालनमा प्रत्यक्ष संलग्न कर्मचारीहरूका लागि खाजा तथा आवश्यकतानुसार खानाको व्यवस्था गर्न सकिनेछ ।

तालिम सञ्चालनका क्रममा सहभागी तथा सम्बन्धित निकायहरूसँग आवश्यक सम्पर्क, समन्वय तथा सूचना आदानप्रदानका लागि संयोजक र सहसंयोजकलाई प्रचलित मापदण्डबमोजिम सञ्चार खर्च उपलब्ध गराइनेछ। तालिम सम्पन्न भएपछि कार्यसम्पन्न प्रतिवेदन, सहभागी विवरण, भर्पाइ, भ्रमण आदेश तथा प्रतिवेदन, खरिदसम्बन्धी बिल तथा अन्य आवश्यक प्रमाण कागजातहरूको आधारमा प्रचलित कानुन र आर्थिक कार्यविधिअनुसार भुक्तानी



...सरकार
...तथा पर्यावरण मन्त्रालय
...दरबार, काठमाडौं

महानिर्देशक

गरिनेछ। आवश्यकताअनुसार तालिम सञ्चालनका लागि अत्यावश्यक उपकरणहरूको व्यवस्था, तालिम कक्षको सामान्य भौतिक सुधार, सूचना तथा सञ्चार प्रविधिसम्बन्धी व्यवस्थापन तथा अन्य आवश्यक लजिस्टिक व्यवस्थापनका लागि समेत यस शीर्षकबाट खर्च गर्न सकिनेछ। यस कार्यक्रमलाई सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम सेवा प्रदायकको सेवा खरिद गरेर पनि गर्न सकिनेछ

**अपेक्षित उपलब्धी**

- सहसचिव, उपसचिव तथा अधिकृतहरूको वार्ता तथा सहमति निर्माण गर्ने क्षमता अभिवृद्धि हुने।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा प्रभावकारी रूपमा नेपालको प्रतिनिधित्व गर्ने दक्षता विकास हुने।
- नीति निर्माण, कार्यक्रम कार्यान्वयन तथा अन्तरनिकाय समन्वयमा प्रभावकारिता वृद्धि हुने।
- द्वन्द्व व्यवस्थापन, समस्या समाधान तथा नेतृत्व क्षमतामा सुधार आउने।
- विकास साझेदार तथा सरोकारवालाहरूसँग परिणाममुखी सहकार्य विस्तार हुने।
- सरकारका नीति, योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा सहयोग पुग्ने।
- वन तथा वातावरण क्षेत्रको सुशासन, संस्थागत क्षमता र सेवा प्रवाहमा गुणात्मक सुधार हुने।



महानिर्देशक